# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आषाढ २० गते २०२२ साल

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

मानानीय मन्त्रि–परिषद्का अध्यक्ष तथा अर्थमन्त्री श्री सूर्यबहादुर थापाले २०२२ साल आषाढ २० गते रोज १ का दिन दिनुभएको आर्थिकवर्ष २०२२–२३ को बजेट वक्तव्य स साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**माननीय अध्यक्ष महोदय,**

नेपालको संविधान अन्तर्गत पञ्चायत व्यवस्थाको आधारमा गठित राष्ट्रिय पञ्चायतको समक्ष श्री ५ को सरकारको तेस्रो आय–व्यय विवरण पेश गर्न पाए-कोमा म गौरवान्वित छु । जनताको वास्तविक प्रतिनिधि उपस्थित माननीय सदस्यहरूद्वारा छलफल भई अनुमोदित हुँदा यस बजेटले श्री ५ को सरकारको आर्थिक वर्ष २०२२।२३ को नीतिलाई यथार्थ रूपमा सफलतापूर्वक प्रतिबिम्बित



९९०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्दै जानेछ । २०१७ साल पौष १ गतेदेखि यता देशको आर्थिक स्थिरता कायम राखी विकासको गति तीव्र गराउँदै लैजान श्री ५ को सरकारले उठाउँदै आएको कदमहरूको प्रभाव स्वास्थ्यकर हुँदै गएको छ भन्ने कुरा गत वर्षहरूको बजेट तथा योजनाको कार्यान्वियनबाट स्पष्ट हुँदै आएको छ । हाम्रो सामुन्ने अझै पनि कतिपय समस्याहरू छन् र आजको विकासोन्मुख अवस्थामा हामीले तिनको सामना गर्दै आएका छौं र सबैको सहयोगबाट धैर्यतापूर्वक भविष्यमा पनि गर्दै जाने छौं । आर्थिक वर्ष २०२१।२२ मा सम्पन्न भएका कामहरूको सिंहावलोकनबाट हाम्रा सम्बन्धित प्रयत्नहरू कति मात्रामा सफलता प्राप्त गर्दै छन् भन्ने कुरा स्पष्ट भएको छ ।

अध्यक्ष महोदय ! अब म चालू आर्थिक वर्षमा देशको आर्थिक अवस्थामा घटेका केही प्रवृत्तिहरूको साधारण विवेचना प्रस्तुत गर्दछु । नेपाल कृषि प्रधान देश भएकोले कृषि उत्पादनमा वृद्धि ल्याउनु पर्ने अत्यावश्यक छ । तसर्थ कृषिमा समयानुकूल सुधार ल्याई उत्पादन वृद्धि गर्ने उद्देश्यले श्री ५ को सरकारले आवश्यक कदमहरू उठाउँदै आएको छ । मित्र राष्ट्र सोभियत रूस सरकारको सहयोगबाट कृषि औजार कारखाना स्थापना गर्ने तर्फ प्रारम्भिक कार्य भइसकेको छ । आधुनिक औजारहरूको अभावमा कृषि उत्पादनमा वृद्धि ल्याउन कठिन हुन्छ । यसको साथै श्री ५ को सरकारले भूमि सम्बन्धी ऐनहरू विभिन्न जिल्लाहरूमा लागू गरी जग्गा धनीले राख्न पाउने जग्गाको हद यसै आर्थिक वर्ष भित्र तोकिदिएको छ र आगामी वर्षहरूमा अरू जिल्लाहरूमा समेत उक्त ऐन क्रमश: लगाइँदै जानेछ । एकातिर भूमिहीन कृषकहरूले जग्गा प्राप्त गरी उत्पादन बढाउँदै लैजाने छन् र आर्को तिर तोकिएको हद बमोजिम मात्र जग्गा राख्न पाउने जग्गा धनीले आफ्नो पूरा ध्यान दिई उत्पादन बढाउने तिर लाग्ने भएकाछन् । यसरी भूमि व्यवस्थामा भएको ठूलो असमानता हटी यसबाट उपलब्ध जनशक्तिको सदुपयोग समेत हुँदै जानेछ । हाम्रो देशको धेरै जसो भागको जग्गाहरूमा आकाश खेती हुने भएकोले अरू व्यवस्थाको साथै सिंचाईको व्यवस्था पनि क्रमश: हुँदै गएको छ । तसर्थ यी विभिन्न कारणहरूले गर्दा देशको कृषि उत्पादन क्रमश: बढ्दै जाने आशा राखिएको छ ।

श्री ५ को सरकारले औद्योगिक क्षेत्रमा विकास गर्दै जाने तर्फ गत केही वर्षदेखि विशेष ध्यान दिंदै आएको हो । यसैको फलस्वरूप सरकारी तथा गैर सरकारी क्षेत्रमा

(आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

केही मिल कारखानाहरू स्थापना भई चालू आर्थिक बर्षभित्र उत्पादन समेत प्रारम्भ भएकोछ । सरकारी क्षेत्रमा जनकपुर चुरोट कारखाना र वीरगञ्ज चीनी कारखाना र गैर सरकारी क्षेत्रमा गोल्छा उलन मिल्सहरू उल्लेखनीय छन् । देशमा अहिले जूट,चीनी,सलाई र चुरोटका उद्योग नै मुख्य हुन् । जूटको उत्पादनमा गत आर्थिक बर्ष ०१८।१९देखि प्रतिवर्ष लगभग ३० प्रतिशतको दरले वृद्धि हुँदै गएको छ र केही जूट मिल्समा मेशीनहरू थप गर्ने व्यबस्था पनि हुँदै रहेकोले यसमा अरू पनि वृद्धि हुँदै जानेछ । चीनी उत्पादनमा गत केहीवर्षदेखि ह्रास हुँदै गएकोमा हालै चालू भएको बीरगञ्ज चीनी कारखानाले गर्दा चीनी उत्पादनमा वृद्धि हुनेछ र गैर सरकारी क्षेत्रमा पश्चिमी तराईमा खडा हुन लागेको चिनी कारखानाले आगामी आर्थिक बर्षदेखि उत्पादन शुरू गर्ने भएकोले चीनीको उत्पादनमा वृद्धि हुने कुरा स्पष्ट छ । सलाईको उत्पादन पनि प्रति बर्ष बढ्दै गएकोछ । चुरोटको उत्पादनमा जनकपुर चुरोट कारखानाले मात्र प्रति महीना १० करोड खिल्ली चुरोट उत्पादन गर्दै जाने भएकोले देशको आंशिक माग पूरा हुँदै जानेछ ।

श्री ५ को सरकारले साना तथा घरेलु उद्योगलाई पनि क्रमश: विकास गर्दै लैजाने नीति अन्तर्गत ठाउँ-ठाउँमा औद्योगिक केन्द्रहरू क्रमश: खडा गर्दै गएकोछ । यी केन्द्रहरूको उत्पादनमा सन्तोषजनक रूपले वृद्धि हुँदै आएको छ । भूमि सम्बन्धी ऐन बमोजिम हदबन्दी भएको जग्गा, जग्गा धनीलाई दिई बढी जग्गाहरू श्री ५ को सरकार मार्फत भूमि हीन किसानहरूमा बिक्री वितरण हुने व्यवस्था भएकोछ। यस सम्बन्धमा जग्गा धनीहरूलाई ऋणपत्रद्वारा मुआवजा दिने व्यवस्था गरिएको छ । यसरी उनीहरूले ऋण पत्रबाट पाउने रकम अन्य उद्योगमा लगाई आफ्नो आयको स्रोत बढाउनाको साथै देशमा औद्योगिक विकास तर्फ मोड दिन सक्ने हुनेछन् । नेपाल औद्योगिक कर्पोरेशनद्वारा गैर सरकारी क्षेत्रमा २०१६ श्रावणदेखि गत आर्थिक बर्षसम्ममा जम्मा रू. १ करोड ३८ लाख ३२ हजारको ऋण उपलब्ध गराइएकोमा चालू आर्थिक वर्षसम्ममा जम्मा रू. २ करोड ३८ लाख ५५ हजार पुग्न जाने संशोधित अनुमान छ । यसरी यसले आफ्नो बढ्दो सक्रियताबाट गैर सरकारी क्षेत्रमा बढ्दै आएको लगानी सम्बन्धी मागलाई पूर्ति गर्न सकेको कुरा उत्साहजनक हो ।

नेपाली मुद्रा मात्र प्रचलनमा ल्याउने श्री ५ को सरकारको नीति अनुसार चालू वर्ष पनि विशेष प्रगति हुन सकेको छ । महोदय, यस सम्बन्धमा नेपाली मुद्राको निष्काशन बढ्दैगएको विषयमा विशेष प्रकाशदिनु आवश्यक देखेकोले केही

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उल्लेख गर्न चाहन्छु । २०२० साल चैत्रसम्ममा नेपाली मुद्राको प्रचलन रू. २४ करोड ५० लाख पुगेकोमा २०२१साल फागुन मसान्त सम्ममा जम्मा रू. २६ करोड ६१ लाख पुग्न गएको देखिन्छ । यसरी थप मुद्रा प्रसार हुनाको मुख्य कारण विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१६ चालू आर्थिक वर्षभित्र इलाम, कोइलावास, कन्चनपुर (महेन्द्र नगर) गुलरिया, भोजपुर, घोराही, सर्लाही (विष्णुपुर) समेत गरी जम्मा १२ मुख्य मुख्य क्षेत्रहरूमा लागू भयो । आजसम्ममा उक्त ऐन जम्मा ३६ क्षेत्रहरूमा लागू भइसकेको छ । यसैले गर्दा पनि यी क्षेत्रहरूमा भा. रू. को प्रचलन नियन्त्रित हुन गई प्रचलनमा रहेको भा. रू. बैङ्कहरूमा जम्मा हुन आएको हो । फलस्वरूप बैङ्कसंग रहेको भा. रू. को मौज्दात चालू आर्थिक वर्षमा अरू पनि बृद्धि भयो र भा.रू. को स्थान नेपाली मुद्राले लिंदै आएको छ । तर पनि भा.रू.प्रचलनको क्षेत्र अझै पनि केही ठाउँमा कायम नै रहकोले यी मुद्रालाई पनि क्रमशः नियन्त्रणमा ल्याई नेपाली मुद्राको मात्र प्रचलन गराउने बढी नेपाली मुद्रा निष्काशित गर्नुपर्ने आवश्यकता रहेकै छ । साथै नेपाल राष्ट्र बैङ्कसंग रहेको परिवर्त्य विदेशी मुद्राको मौज्दात पनि क्रमशः बढ्दै गएको र केही मित्रराष्ट्रहरूबाट प्राप्त हुने सहायता रकम भा. रू. मा प्राप्त हुने भएकोले उक्तरकम सटही गर्न समेत थप नेपाली मुद्रा निष्काशन गर्ने आवश्यकता हुन आएको छ ।

साधारणतया विदेशी मुद्राको मौज्दातमा वृद्धि हुँदै जानु राम्रो अर्थ व्यवस्थाको परिचायक हो । आजको हाम्रो मौद्रिक स्थितिमा हालको मौज्दातलाई देशको अवस्था अनुकूल प्रयोगमा ल्याउने तर्फ श्री ५ को सरकारको ध्यान विशेष रूपले आकृष्ट हुनु पर्ने छ । तर आज देश भरी विदेशी मुद्राको विनिमय दरमा स्थिरता कायम रहेको छ र यस कारणले पनि उक्त स्थिरतालाई कुनै प्रकारको धक्का नपर्ने किसिमको उपाय सोच्नु पर्ने अवस्था छ । म आशा गर्दछु, सबैको सहयोगबाट यस काममा श्री ५ को सरकारले सफलता प्राप्त गर्दै जानेछ । तसर्थ देशमा थप मुद्रा निष्काशन आदिबाट हुँदै आएको मौद्रिक विस्तार माथि पनि पूरा ध्यान दिई व्यवस्थित रूपबाट मौद्रिक स्थितिलाई पनि आर्थिक नीति अनुकूल दरिलो पार्ने तर्फ श्री ५ को सरकारले आवश्यक कदमहरू उठाउनेछ ।

गत केही वर्षदेखि यता विभिन्न कारणहरूले गर्दा दैनिक उपभोगका सामानहरूको मूल्यमा क्रमशः वृद्धि हुँदै आएको छ । हुन त विकासोन्मुख देशमा विकासमा लगानी बढाउँदै जानाले तथा थप मुद्रा निष्काशन गर्नाले समेत केही हदसम्म

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मूल्यमा वृद्धि हुनु अस्वाभाविक होइन । मुख्य कुरा मूल्य वृद्धि अप्राकृतिक रूपले बढ्न नपाओस् भन्नेमा श्री ५ को सरकार विशेष रूपले सचेष्ट छ । दैनिक उप-भोगका बस्तुहरू सुपथ मूल्यमा उपलब्ध गराउन खाद्य संस्थान तथा नेशनल ट्रेडिङ्ग कम्पनीले अल्पकालीन तथा दीर्घकालीन योजनाहरू कार्यान्वित गर्दैछन् । आवश्यकतानुसार भविष्यमा अरू कदमहरू उठाउने तिर श्री ५ को सरकारको प्रयास जारी रहने छ ।

देशको विकास कार्य अनुकूल बैंकिङ्ग व्यवस्थामा पनि सुधार ल्याई विकास गर्दै जाने उद्देश्यले यस आर्थिक वर्षमा नयाँ वाणिज्य बैङ्क ऐन लागू गरी बैङ्किग व्यवस्थामा सुधार तथा आधुनिकता ल्याउने प्रयास भयो । देशको मौद्रिक स्थिति तथा बैंङ्किग व्यवस्थाको विकास गराउने देशको केन्द्रीय बैङ्क नेपाल राष्ट्र बैङ्कको प्रमुख काम भएतापनि देशमा बैंङ्किग सेवाको अत्यन्त नै अभाव भएको अवस्थामा विभिन्न जिल्लाहरूमा प्रारम्भिक अवस्थामा आफ्ना शाखाहरू खोली बैंङ्किग सेवा कतिपय स्थानहरूमा उपलब्ध हुँदै आएको थियो । तर यस्तो परम्परा हाम्रो जस्तो अविकसित राष्ट्रको निमित्त उपयुक्त देखिएन । नेपाल राष्ट्र बैङ्कले खासगरी देशको मौद्रिक स्थितिलाई बढी मजबूत पार्दै लैजाने र देश भित्र बैंङ्किगव्यवस्थाको विस्तार गर्दै लैजाने दिशा तर्फ नै विशेष जोड दिनु पर्ने आवश्यकता पर्दै आएकोछ।

यसरी भइरहेको बैङ्कको साधनबाट देशको बढ्दो मागलाई पूर्ति गर्न सम्भव नभएकोले सरकारी क्षेत्रमा एक छुट्टै व्यावसायिक बैङ्क खडा गर्ने श्री ५ को सरकारले निर्णय गर्‍यो । तदनुसार बाणिज्य बैङ्क ऐन अन्तर्गत राष्ट्रिय वाणिज्य बैङ्क खडा गर्ने तर्फ हालै आवश्यक प्रबन्ध भइसकेको छ र उक्त बैङ्कले अब छिटै आफ्नो काम चालू गर्ने व्यवस्था भएको छ । बैङ्कले अरू बाणिज्य बैङ्क सरह व्यावसायिक काम गरी नाफाको मात्र दृष्टिकोण राख्ने छैन । यसको मूल उद्देश्य राष्ट्रको कुना कुनामा गैर सरकारी क्षेत्रको निम्ति बैंङ्किग सुविधा पुर्‍याउनु हुँनेछ । साथै नेपाल राष्ट्र बैङ्कको शाखा नभएका सबै जिल्लाहरूमा यसले आफ्ना शाखाहरू खोली नेपाल राष्ट्र बैङ्कको एजेण्टको रूपमा श्री ५ को सरकारको कोष प्रशासनको काम समेत गर्न सक्ने व्यवस्था ऐन द्वारा गरिएकोछ । बैकिङ्ग व्यबस्थाको विस्तारको अभावमा देशको आर्थिक तथा मौद्रिक स्थिति बलियो रहन सक्दैन भन्नेमा दुइ मत छैन ।

श्री ५ को सरकारबाट समय समयमा सञ्चालन हुँदै आएको तथा भविष्यमा कार्यान्वित हुने विकास आयोजना अन्तर्गत विभिन्न प्रकारका उद्योगहरू सरकारी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा गैर सरकारी क्षेत्रमा समेत स्थापना हुँदै गएका छन् । यस्ता उद्योगहरू तथा अन्य संस्थाहरूबाट बराबर विमा गराउन पर्ने र यस प्रकारको बिमा गर्ने कुनै नेपाली कम्पनी नरहेको हुँदा नेपाल भित्रबाट विमा गराउने सबै काम बिदेशी कम्पनीहरूद्वारा हुँदै आएको छ । नेपाल भित्र नेपाली बिमा कम्पनी नै स्थापना गर्न सकेमा यसरी बाहिर जाने पूँजीलाई नेपाल भित्र नै एकत्रित गरी देशको विकास कार्यमा लगानी गर्ने वा ऋण उपलब्ध गराउनेतिर श्री ५ को सरकारको ध्यान आकर्षित भएको छ । यस सम्बन्धमा आवश्यक ऐन नियम तयार गरी नेपाली विमा कम्पनी स्थापना गर्न प्रारम्भिक कार्यहरू शुरू गरिएको छ । यसरी नेपाली जीवन विमा कम्पनी स्थापना भएपछि देश भित्रको पूँजी देशभित्र नै रही देश विकासको निम्ति आवश्यक पूँजी जुट् न जानेछ ।

चालू वर्ष त्रिवर्षीय योजनाको आखिरी वर्ष हो र आगामी आर्थिक वर्ष २०२२।२३ देखि तेस्रो योजना प्रारम्भ हुनेछ । तसर्थ आज हामी देशको आर्थिक विकासको इतिहासको एउटा महत्वपूर्ण अवस्थामा पुगेका छौं । विगत वर्षहरूको विभिन्न समस्याहरूबाट प्राप्त अनुभवले आगामी योजना सञ्चालन गर्नमा हामीलाई विशेष उत्साह मिलेको छ र भविष्यमा अझ बढी सफलता प्राप्त गर्ने आशा राखेका छौं । गत वर्षहरूको आय–व्ययको विवरणबाट श्री ५ को सरकारले आर्थिक विकासमा योगदान दिन प्रतिवर्ष बढी मात्रामा सफलता हासिल गर्दै गएको कुरा स्पष्ट हुँदै आएको छ । चालू आर्थिक वर्षको अनुभव अझ बढी उत्साहवर्धक छ ।

## २

महोदय, अहिलेसम्म बजेट विवरणमा संशोधित अनुमानसम्म दिने गरिएको थियो । तर बजेट कार्यान्वयनको वास्तविकता थाहा हुन बजेट विवरणमा आय-व्ययको यथार्थ स्थिति देखाउनु आवश्यक छ । आय–व्ययको यथार्थ विवरण अहिले-सम्म बजेटमा समावेश गर्न नसक्नाका मुख्य दुइ कारणहरू थिए । आधुनिक स्रेस्ता प्रणालीको समुचित विकास नभएको र सञ्चार व्यवस्थाको कमीले गर्दा देशका विभिन्न सरकारी अड्डाहरूबाट आय–व्ययको यथार्थ विवरण समयमा प्राप्त हुन सकेको थिएन । तर विगत केही वर्षहरूदेखि स्रेस्ता प्रणाली र सञ्चार व्यवस्थामा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समेत क्रमशः सुधार हुँदै आएकोले आर्थिक वर्ष २०२२।२३ को बजेट बिवरणमा आर्थिक वर्ष २०२०।२१ मा भएको आय–व्ययको यथार्थ विवरण समावेश गरिएको छ। बजेट व्यवस्थालाई वास्तविकतातिर लैजान यस्तो सुधारले ठूलो सहायता गर्ने छ भन्ने मेरो धारणा छ।

साधारण आयतर्फ आर्थिक वर्ष २०२०।२१ मा रू. १५ करोड ७९ लाख ६६ हजार संशोधित अनुमान गरिएकोमा यथार्थ आय रू. १५ करोड ७६ लाख २८ हजार भएको छ। खर्च तर्फ साधारण खर्च रू. ११ करोड ७६ लाख ८६ हजार र बिकास तर्फ खर्च रू. १४ करोड ५६ लाख ४७ हजार हुने संशोधित अनुमान भएकोमा यथार्थ खर्च क्रमशः रू. ११ करोड ४३ लाख १६ हजार र रू. १४ करोड ४७ लाख ३५ हजार हुन आएको छ। यसरी आयतर्फ संशोधित अनुमानको शत प्रतिशत नै यथार्थ आय भएको र खर्चतर्फ संशोधित अनुमान भन्दा २ प्रतिशत मात्र घटी हुन आएको छ। यसबाट पनि हाम्रो बजेट अनुमान कति वास्तविक हुँदै आएको छ भन्ने कुरा स्पष्ट हुन आउँछ।

अध्यक्ष महोदय, अब म चालू आर्थिक वर्षको संशोधित आय–व्यय अनुमान बारे केही बिवरण प्रस्तुत गर्दछु। उक्त संशोधित अनुमान ९ महीनाको यथार्थ आय–व्ययको आधारमा तयार गरिएको छ। आर्थिक वर्ष २०२१।२२ को निमित्त साधारणतर्फ रू. १७ करोड ८९ लाख अनुमान गरिएकोमा संशोधित अनुमान बमोजिम रू. १८ करोड ८५ लाख ३४ हजार अर्थात् अनुमान भन्दा करीब ५ प्रतिशत बढी आय हुने अनुमान छ। यसरी अनुमान भन्दा बढी आय हुन जाने पहिलो वर्ष यो चालू आर्थिक वर्ष नै हो र यसबाट हाम्रो आर्थिक प्रशासनमा क्रमशः सुधार हुँदै आएको कुरा स्पष्ट हुन्छ। भन्सार तथा अन्तःशुल्कबाट रू. ८ करोड १ लाख र रू. १ करोड ९३ लाख अनुमान गरिएकोमा क्रमशः रू. ८ करोड ७५ हजार र रू. १ करोड ५८ लाख ६३ हजार हुने संशोधित अनुमान छ। भंसार प्रशासनमा सुधार हुनाकोसाथै भारत सरकारबाट फिर्ता आउनु पर्ने केन्द्रीय अन्तःशुल्कको पुरानो बाँकी रकम मध्ये हालसम्म अनुमान गरिएको भन्दा केही बढी रकम प्राप्त हुन आएकोले भन्सार तर्फको आम्दानी बढ्न गएको छ। अन्तःशुल्कको अनुमानमा जनकपुर चुरोट कारखाना र बीरगञ्ज चीनी कारखानाबाट रू. २१ लाख अन्तःशुल्क प्राप्त हुने रकम समावेश भएकोमा उक्त दुबै कारखानाहरूबाट यस वर्ष जम्मा रू. ५ लाख जति मात्र प्राप्त हुने सम्भावना भएकोले अन्तःशुल्कको आम्दानी अनुमान

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्दा करीब रू. ३४ लाख घट्न गएको छ। यस्ता उन्नतशील मीलहरू हाम्रो देशमा पहिलोपटक खडा गरिएका र उत्पादन गर्ने काममा कतिपय प्रारम्भिक कठिनाइहरूले गर्दा शुरूको केही महीनाहरूमा पूर्व अनुमान अनुसार काम कारबाई हुन नसक्नु अस्वाभाविक होइन । मलाई लाग्छ, सबै व्यवस्था मिलेपछि आगामी आर्थिक वर्षदेखि यी दुबै मीलहरूको उत्पादनबाट अन्त:शुल्कको आम्दानी बढ्दै जानेछ । वनबाट हुने आय रू. १ करोड २० लाख अनुमान गरिएकोमा रू. १ करोड ५६ लाख १० हजार हुने संशोधित अनुमान छ। मालपोतबाट रू. ४ करोड ६० लाख आय हुने अनुमान गरिएकोमा रू. ४ करोड ५५ लाख मात्र हुने संशोधित अनुमान छ । मालपोत तर्फ भोग चलन गरी राखेको तर दर्ता नभएको कारणले गर्दा मालपोत नतिर्ने गरेका जग्गाहरू सबै दर्ता गराई मालपोत समेत असूल उपर गर्ने व्यवस्थाबाट रू. ४० लाख थप आय हुने अनुमान गरिएकोमा यस सम्बन्धी सबै व्यवस्था मिली नसकेकोले यस आर्थिक वर्षमा यसबाट रू. ५ लाख मात्र आय हुने सम्भावना भएकोले यसको आय घट्न गएको छ । ब्याज तथा लाभांशबाट रू. १ करोड ३ लाख ५० हजार आय हुने अनुमान छ। ब्याज तथा लाभांशको अनुमानमा बीरगञ्ज चीनी कारखाना र जनकपुर चुरोट कारखानाबाट क्रमश: रू. १५ लाख र रू.५०लाख लाभांश प्राप्त हुने रकम पनि समावेश गरिएकोमा माथि उल्लिखित कारणहरूले गर्दा यस वर्ष लाभांश प्राप्त हुन नसक्ने भएकोले आय घट्न गएको हो । निजामती प्रशासन शीर्षकबाट रू. ५६ लाख ७५ हजार आय हुने अनुमान गरिएकोमा संशोधित अनुमान बमोजिम रू. ४६ लाख ७५ हजार मात्र आय हुने संशोधित अनुमान छ। यस शीर्षक अन्तर्गत न्याय प्रशासनबाट र विविधबाट अनुमान गरिए जति आय हुन नसकेकोले नै केही आय घट्न गएको छ ।

साधारण खर्चतर्फ रू. १२ करोड ८६ लाख ७४ हजार अनुमान गरिएकोमा रू. १२ करोड ७० लाख ६० हजार अर्थात् ९९ प्रतिशत सम्म खर्च हुने संशोधित अनुमान छ। गत बर्ष सरह यस वर्ष पनि संशोधित अनुमान अझ वास्तविक गर्न एक शीर्षकबाट अर्को शीर्षकमा रकमान्तर गरिएका खर्चहरू जुन जुन शीर्षकमा रकमान्तर भएको छ सोही शीर्षकहरूको खर्च गरी देखाइएको छ । उदाहरणको रूपमा, भैपरि आउने, भंसार र राष्ट्रिय पञ्चायत शीर्षकहरूमा अनुमान भन्दा बढी खर्च हुने संशोधित अनुमान छ । भंसारतर्फ पेट्रोल ड्यूटी फिर्ता खर्च रकम बजेटमा समावेश भएको हुँदा बढी यसै आर्थिक वर्षभित्र फिर्ता दिनु पर्ने भई अरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शीर्षकहरूको बचत रकमबाट रकमान्तर गरिएको छ। राष्ट्रिय पञ्चायतको बजेटमा पनि यस वर्षको अधिवेशन अनुमान भन्दा बढी बस्नुपर्ने भएबाट अरू शीर्षकबाट रकमान्तर गरिएको हो।

यस वर्ष विकासतर्फ रू. २९ करोड २६ लाख ३९ हजार खर्च हुने अनुमान गरिएकोमा रू. २३ करोड ५५ लाख ६९ हजार संशोधित अनुमान अनुसार खर्च हुने भएको छ। यसरी ८० प्रतिशत खर्च हुने संशोधित अनुमान छ जब कि आर्थिक वर्ष २०१९।२० र २०२०।२१ मा क्रमशः ५७ र ७३ प्रतिशत खर्च हुने संशोधित अनुमान थियो। यसरी विकासतर्फ खर्च गर्ने श्री ५ को सरकारको क्षमता सालसालै बृद्धि हुँदै आएको छ। विकासतर्फको खर्च व्यहोर्ने स्रोतको हकमा श्री ५ को सरकारबाट रू. ९ करोड ६३ लाख ९९ हजार, अमेरिकी सहायताबाट रू. १० करोड २७ लाख २१ हजार, भारतीय सहायताबाट रू. ७ करोड ७५ लाख १९ हजार र अन्य देशहरू तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट प्राप्त सहायता रकमबाट रू. १ करोड ६० लाख व्यहोर्ने अनुमान गरिएका थिए। अब संशोधित अनुमान बमोजिम श्री ५ को सरकारबाट रू. ९ करोड ३५ लाख ४८ हजार, अमेरिकी सहायताबाट रू. ६ करोड ६८ लाख ९१ हजार, भारतीय सहायताबाट रू. ६ करोड २३ लाख ५६ हजार र अन्य मुलुकहरूबाट रू. १ करोड २७ लाख ७४ हजार व्यहोरिने संशोधित अनुमान छ। यसरी प्रारम्भिक अनुमान बमोजिम विकास तर्फको खर्चमा श्री ५ को सरकारको योगदानको क्रम दोस्रो भएकोमा अब संशोधित अनुमान बमोजिम पहिलो हुन आएको छ। साधारण आय–व्ययको बचतबाट विकास तर्फ रू. ५ करोड २ लाख २६ हजार खर्च गरिने अनुमान भएकोमा संशोधित अनुमान बमोजिम रू. ६ करोड १४ लाख ७४ हजार अर्थात् करीब २२ प्रतिशत बढी खर्च गरिने संशोधित अनुमान छ। गत बर्षहरू जस्तै यस बर्ष पनि समयमा विदेशी सहायता प्राप्त हुन नसकेका विकास आयोजनाहरूको लागि श्री ५ को सरकारबाट पछि विदेशी सहायता प्राप्त भएपछि सोध भर्ना लिने गरी सापटी निकासा दिइएको छ। साथै यस वर्ष विदेशी सहायता प्राप्त नहुने आयोजनाहरूको लागि करीब रू. ५० लाख श्री ५ को सरकारबाटै खर्च व्यहोरिने गरी निकासा दिनु पर्ने अनुमान छ। महोदय, वास्तवमा गत तीन वर्षदेखि अर्थात् आर्थिक वर्ष २०१९।२० देखि २०२१।२२ सम्म खर्चतर्फ औसत ८ प्रतिशत मात्र बृद्धि हुन गएको छ र आयतर्फ ३६ प्रतिशत बृद्धि हुन गएको छ। यसले विगत केही बर्षहरूदेखि

साधारण आयमा वृद्धि गरी खर्चमा सकेसम्म मितव्ययितात्याई साधारण तर्फको बजेटबाट बढी से बढी रकम बचत गरी विकास कार्यमा लगाउँदै जाने श्री ५ को सरकारको आर्थिक नीतिको सफल कार्यान्वयनलाई पुष्टि गर्दछ। देश बिकास कार्यमा आन्तरिक साधनहरूबाट बढी योगदान दिने नीति अन्तर्गत यो उत्साहवर्धक प्रवृत्ति हो।

आर्थिक वर्ष२०२१।२२को साथै योजनावद्ध प्रयासमा हाम्रो दोस्रो चरणको अन्त हुन्छ। यसैले यस बर्ष योजना अन्तर्गत भएको प्रगतिको केही लेखाजोखा गर्नु अप्रासंगिक होओइन। यस आर्थिक वर्षमा बिकास तर्फको बजेट अन्तर्गत रू. २३ करोड ५५ लाख ६९ हजार अर्थात् बजेटको ८० प्रतिशत खर्च हुने संशोधित अनुमान छ। सहायता अन्तर्गत सोझै सञ्चालन भइरहेका कार्यक्रम पनि श्री ५ को सरकारको बजेट अन्तर्गत नै समावेश गरिएकोले कूल विकास तर्फको बजेटमा अपेक्षाकृत वृद्धि भएको हो। गत वर्षहरूको तुलनाको निम्ति भारतीय सहायता अन्तर्गत सोझै संचालित कार्यक्रम बाहेक गरेमा खर्चको संशोधितअनुमान रू.१८ करोड ६१ लाख पुग्दछ। गत वर्ष ७३ प्रतिशत खर्च भएकोमा यस वर्ष ८० प्रतिशत जति पुगेकोबाट हाम्रो साधन उपयोग गर्ने क्षमतामा वृद्धि हुँदैगएको स्पष्ट छ। यो कुरा आन्तरिक साधनमा मात्र होइन विभिन्न मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट उपलब्ध सहायताको सम्बन्धमा पनि लागू हुन्छ।

त्रि–वर्षीय योजना अन्तर्गत भूमि सुधार र पञ्चायत जस्ता व्यवस्थामूलक क्षेत्रमा र उद्योग, बिजुली, सिंचाई, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा महत्वपूर्ण प्रगति हुन सकेको छ। उद्योगतर्फ सरकारी क्षेत्रमा चीनी, चुरोट, र जुत्ताका कारखाना र एक औद्योगिक क्षेत्रको स्थापना भएको छ, बिजुलीतर्फ त्रिशूली, पनौती जल-विद्युत आयोजनाहरूको र बीरगञ्ज,काठमाडौं र हेटौंडाका डिजेल प्लाण्टहरू समाप्त प्राय: छन् र चाँडै नै विद्युत्‌शक्ति उपलब्ध गरिने भएको छ। शिक्षातर्फ लक्ष्य अनुसार१,२०० प्राथमिक स्कूलको स्थापना भएको छ र निर्माण कार्यतर्फ केही ढीलाई भएता पनि अरूमा लक्ष्य हासिल गर्न संभव भएको छ। स्वास्थ्यतर्फ वीर अस्पताल, कान्ति अस्पतालको निर्माण कार्य बाहेक नेपालगञ्ज, विराटनगर, जलेश्वर, बुटवल आदि ठाउँमा ५० बेडको अस्पताल निर्माण गरिएको छ। सिंचाई तर्फ तिनाउ, डुण्डुवा, हर्दिनाथ, मनुस्मारा, चन्द्रनहर आदिको निर्माण कार्य प्राय: समाप्त भइसकेको छ। यसबाट करीव १ लाख थप

(आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एकडमा सिंचाई सुविधा उपलब्ध गरिएको छ । त्रि-वर्षीय योजनाको प्रगतिको विस्तृत विवरण माननीय सदस्यहरूलाई पछि उपलब्ध गराइने भएकोले अहिले प्रगतिको विस्तृत उल्लेख गर्ने आवश्यकता देखिंदैन ।

महोदय, तर चालू आर्थिक वर्ष त्रि-वर्षीय योजनाको अन्तिम वर्ष भएकोले योजना अवधि भरमा हुने व्ययको केही विश्लेषण गर्नु प्रासंगिक छ । त्रि-वर्षीय योजना अवधि भरमा जम्मा रू. ६० करोड खर्च हुने अनुमान गरिएकोमा करीब करीब लक्ष्य बमोजिम नै खर्च भएको कुरा प्रस्तुत गर्न पाउँदा म आफूलाई गौरवान्वित ठान्दछु । खर्च भएको रकम मध्ये श्री ५ को सरकारको बजेट अन्तर्गत संशोधित अनुमान बमोजिम जम्मा रू. ४७ करोड ६४ लाख खर्च हुने भएको छ । त्रि-वर्षीय योजनाको बाँडफाँड अनुसार श्री ५ को सरकारले आय-व्ययको बचत-बाट रू. ५ करोड, ऋणबाट रू. १ करोड र घाटा रू. ४ करोड समेत जम्मा रू. १० करोड व्यहोर्नु पर्ने अनुमान गरिएको थियो । संशोधित अनुमान बमोजिम योजना अवधिमा आय-व्ययको बचतबाट मात्र रू. १० करोड७०लाख ७८ हजार व्यहोर्न सकिएको कुरा यहाँ सुनाउन पाउँदा अत्यन्त खुशी लागेको छ । यसरी १०० प्रतिशत भन्दाबढी रकम साधारण तर्फको खर्च पुऱ्याई बचत गरी विकासको निम्ति योगदान गर्न सक्नु देशको निम्ति ठूलो गौरवको कुरा हो । साथै अनुमा-नित घाटाको पूर्तिको निम्ति थप मुद्रा निष्काशन जस्ता साधनहरू अवलम्बन गर्नु परेन । यसरी वास्तवमा त्रि-वर्षीय योजना अवधि भित्र आय व्ययको बचत रू. १० करोड ७० लाख ७८ हजार र ऋणबाट रू. ५ करोड ८३ लाख ७२ हजार समेत गरी योजनामा घाटा बाहेक अनुमान गरिएको रकम रू. ६ करोड भन्दा-१७६ प्रतिशत बढी खर्च व्यहोरिएको छ ।

चालू आर्थिक वर्षको निम्ति आयतर्फ साधारण आय रू. १७ करोड ८६ लाख र खर्चतर्फ साधारण खर्च रू. १२ करोड ८६ लाख ७४ हजार र विकास खर्च (श्री ५ को सरकारले व्यहोर्नु पर्ने) रू. ९ करोड ६३ लाख ९९ हजार समेत गरी जम्मा खर्च रू. २२ करोड ५० लाख ७३ हजार हुने भई रू. ४ करोड ६१ लाख ७३ हजारको घाटा हुने अनुमान गरिएको थियो । संशोधित अनुमान बमोजिम आय रू. १८ करोड ८५ लाख ३४ हजार र खर्चतर्फ साधारण खर्च रू. १२ करोड ७० लाख ६० हजार र विकास खर्च (श्री ५ को सरकारले व्यहोर्ने) रू. ९ करोड ३५ लाख ४८ हजारहुने भएकोले रू. ३ करोड २० लाख ७४ हजार मात्र घाटा हुन जाने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देखिन्छ र यस घाटाको पूर्ति विकास तर्फको मौज्दात रू. ३७ लाख, दीर्घकालीन विकास ऋण रू. २ करोड ३ लाख ३१ हजार र गत वर्षको साधारण आय–व्ययको मौज्दात रू. १ करोड ५१ लाख बाट गरिएको छ।

यसरी आर्थिक वर्ष २०२१।२२ मा आय तर्फ अनुमान भन्दा बढी आम्दानी हुने र विकास तर्फको खर्च (श्री ५ को सरकारले व्यहोर्नु पर्ने) मा अनुमान भन्दा केही खर्च घटी हुन आएकोले यस वर्ष जस्तै आगामी आर्थिक वर्षको शुरूमा ट्रेजरी विल जस्ताअल्पकालीन ऋणहरू तिर्न बाँकी नरही करीव रू. ७० लाख ५७ हजार मौज्दात समेत रहन आउने अनुमान छ।

## ३

अध्यक्ष महोदय,अब आर्थिक वर्ष २०२२।२३ को आय– व्यय अनुमान प्रस्तुत गर्दछु। आर्थिक वर्ष २०२२।२३ को लागि साधारण आय रू. २० करोड ९६ लाख ३२ हजार र साधारण खर्च रू. १४ करोड ७३ लाख ४६ हजार हुने अनुमान गरिएको छ। आय तर्फ भंसारमा आर्थिक वर्ष २०२१।२२ को संशोधित अनुमान भन्दा रू. ३२ लाख २५ हजार बढी हुने अनुमान छ। साधारणतः- भंसार तर्फ प्रशासन मा सुधार हुँदै गएकोले यसबाट हुने आयमा साल सालै केही वृद्धि हुँदै जाने प्रवृत्ति स्वाभाविकै हो। भंसार विविधमा रू. ३७ लाख ९२ हजार संशोधित अनुमान भएकोमा आगामी वर्षको लागि रू. ३ लाख मात्र अनुमान गरिएको मुख्य कारण यस उप-शीर्षकमा सरचार्जको रकम पनि समावेश गरी आएकोमा उक्त रकम डयूटी-माथि सरचार्ज लाग्ने हुँदा आगामी वर्षदेखि सम्बन्धित उप-शीर्षक पैठारीमा नै समावेश गरिएको छ। भारत सरकारबाट फिर्ता आउने अन्तः शुल्क रकममा रू.५४ लाख ८३ हजार घट्न गएको मुख्य कारण भारत सरकारबाट आउने पुरानो अन्तः- शुल्कको बाँकी रकम मध्ये धेरै जसो यसै वर्ष फिर्ता आइ सकेकोले आगामी वर्षको अनुमान घट्न गएको छ। अन्तः शुल्कमा संशोधित अनुमान भन्दा रू. ४४ लाख ३७ हजार बढ्न गएको छ। औद्योगिक उत्पादन उप-शीर्षकमा आर्थिक वर्ष २०२१। २२ को निम्ति वीरगञ्ज चीनी कारखाना र जनकपुर चुरोट कारखानाबाट आउने अन्तः शुल्क समेतको रकम समावेश भएकोमा उक्त कारखानाहरू धेरै पछि मात्र चालू भएको तथा अरू कतिपय प्रारम्भिक कठिनाईले गर्दा संशोधित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुमान घट्न गएको हो । तर आगामी वर्षको निम्ति यी दुवै कारखानाहरू र महेन्द्र चीनी कारखाना समेतबाट साल भरीकै अन्त:शुल्क प्राप्त हुने भएकोले यस रकममा रू. ४० लाख बढी अनुमान गरिएको छ ।

मालपोत तर्फ संशोधित अनुमान भन्दा रू. ५ लाख बढी समावेश गरिएको छ । रजिष्ट्रेशन नगराई भोगचलन गरी आएको जग्गाहरूको मालपोत असूल गर्न यस वर्ष व्यवस्था मिलाइएकोमा त्यसबाट केही बढी रकम आगामी वर्षमा प्राप्त हुने भएकोले अनुमान बढी गरिएको हो । आगामी वर्षको लागि वन शीर्षकको आम्दानी संशोधित अनुमान भन्दा रू. २३ लाख बढी राखिएको छ । वन प्रशासन र रेख देखमा सुधार समेत हुँदै गएकोले पनि वनबाट हुने आम्दानीमा बृद्धि हुनु स्वाभाविक हो । करमा विशेष गरी आयकर उपशीर्षकमा संशोधित अनुमान भन्दा रू. २२ लाख बढी अनुमान गरिएको छ । कर प्रशासनमा सुधार हुनाको अतिरिक्त विकास कार्यको फलस्वरूप साधारण जनताको आर्थिक स्तर बढ्दै जानाले र जनतामा कर तिर्ने बानी बस्दै आएकोले यस उपशीर्षकबाट हुने आयमा साल सालै बृद्धि हुदै जानु स्वाभाविक नै हो । संचार शीर्षकमा संशोधित अनुमानभन्दा रू. १४ लाख ५० हजार बढी आय हुने अनुमान छ । विशेष गरेर अन्तर्राष्ट्रिय हुलाक सेवा भारतीय दूतावास मार्फत् चली आएकोमा गत बैशाख महीनादेखि श्री ५ को सरकारले आफ्नै व्यवस्था गरकोले र संचार व्यवस्थामा स्वत: बृद्धि हुंदै जाने समेतले यस उपशीर्षकको आयमा आगामी वर्षको लागि रू. १० लाख बृद्धि हुने अनुमानछ । त्यस्तै आकाशवाणी तर्फपनि अन्तर्राष्ट्रिय टेलिकम्यूनिकेशनको व्यवस्थाले गर्दा यो उपशीर्षकमा संशोधित अनुमान भन्दा रू. ३ लाख बृद्धि हुने अनुमानछ । यातायात तर्फ विशेष गरेर रोडशेषमा संशोधित अनुमान भन्दा रू. ७ लाख बढी आय हुने अनुमान गरिएकोछ। यातायातको सुधार र निर्माणले गर्दा यसको आयमा पनि बृद्धि हुनु स्वाभाविक हो । ब्याज तथा चालू वर्षको संशोधित अनुमान भन्दा रू. ५५ लाख ९६ हजार लाभांश शीर्षकमा बढी आय हुने अनुमान गरिएको छ । आगामी वर्ष वीरगञ्ज चीनी कारखाना र जनकपुर चुरोट कारखानाहरू तथा अरू सरकारी लगानी भै राखेको मिल र कारखानाहरूबाट प्राप्त हुने लाभांशमा पनि बृद्धि हुने अनुमान छ । यसको साथै जनकपुर चुरोट कारखाना र वीरगञ्ज चीनी कारखानाको लागि प्राप्त भै रहेको रुसी ऋणको सांवा ब्याज वापत उक्त दुवै कारखाना मध्येबाट क्रमश: रू. १३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लाख ३६ हजार र रू. ८ लाख ७० हजार श्री ५ को सरकारलाई प्राप्त हुने भएकोले सो सबै विचार गरी बढी अनुमान गरिएको छ । यी शीर्षकहरू बाहेक अरू शीर्षक हरूमा विशेष परिवर्तन गरिएको छैन ।

अध्यक्ष महोदय, विगत वर्षहरू सरह नै आगामी वर्ष पनि श्री ५ महाराजाधिराज सरकारबाट मौसूफको बाहुली दाखिल हुने वार्षिक रकममा रू. २ लाख ७९ हजार र शाही वायुयान विभागको वार्षिक खर्चमा रू. ३ लाख समेत जम्मा रू. ५ लाख ७९ हजार कटौती गर्न हुकुम बक्सेको छ । विकासको पथमा लम्केको हाम्रो देशलाई अझ द्रुततर गतिमा लैजान स्वयं मौसूफ सरकारबाट साल सालै प्रेरणास्वरूप योगदान गरी बक्सेको हामी सबैको निम्ति सौभाग्यको कुरा हो ।

अब म आगामी वर्षको अनुमानित व्यय माथि केही विवरण दिन्छु । आगामी आर्थिक वर्षमा चालू वर्षको संशोधित अनुमान भन्दा रू. २ करोड २ लाख ८६ हजार खर्च बढ्न गएको छ । संशोधित अनुमान भन्दा चालू आर्थिक वर्षको अनुमानमा मालपोत, राष्ट्रिय पञ्चायत, भन्सार, रोडशेष, आयकर अदालत, सर्भे, टक्सार, वैदेशिक, पञ्चायत, कृषि, उद्योग वाणिज्य, यातायात, लगानी ऋण तथा ब्याज र मुआबजा शीर्षकहरूको खर्च घट्न जाने अनुमान छ । बाँकी अरू शीर्षकहरूमा खर्च बढ्न जाने अनुमान छ ।

मालपोत तर्फ आगामी वर्ष ७५ जिल्लामा माल रहने गरी वजेट तयार गरिएको भए तापनि चालू आर्थिक वर्षमा समावेश भईराखेका केही पटके खर्चहरू घट्न गएको र तल्लो तहका धेरै कर्मचारीहरूको दरवन्दी समेत खारेज गरी अरू सरकारी अफिसहरूमा सरुवा गरिएको हुँदा लगभग रू. ४ लाख तलबमा घटी हुन आएको छ । लगत फाँट र रजिष्ट्रेशन अड्डा ३ खारेज गरी माल मालमा गाभिने हुँदा त्यस सम्बन्धी खर्च पनि घट्ने भएको छ । फिर्ता खर्च रकममा पनि रू. १ लाख घटी समावेश भएको छ । यी कारणहरूले गर्दा संशोधित अनुमान भन्दा आगामी वर्षको अनुमानमा रू. ५ लाख ४३ हजार घटी हुन आएको छ । टक्सारमा चालू वर्षको संशोधित अनुमान भन्दा रू. ६ लाख घटी अनुमान हुन जानाको मुख्य कारण टक्सारको विकासको लागि चालू वर्षमा साधारण र विकास दुबै तर्फ माल सामानको रकम समावेश भएकोमा आगामी वर्ष उक्त मालसामान विकासतर्फ मात्र राखिएकोले अनुमान घटी हुन गएको छ । कृषि तर्फको खर्चको अनुमान पनि घट्न गएको छ । चालू आर्थिक वर्षमा खाद्य संस्थान खडा भै-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सकेकोले खाद्य विभागमा खाद्य नोक्सानी रकम समावेश गरिएको छैन । यातायात तर्फ रेल्वे र रोप्वे दुबै संस्थानमा परिणत भैसकेकोले दुबैको आम्दानी खर्च बजेटबाट झिकिएको छ । यसरी संशोधित अनुमान भन्दा आगामी वर्षको अनुमान घटी हुन गएको हो । लगानी ऋण तथा ब्याज शीर्षकको खर्चमा चालू आर्थिक वर्षमा वाणिज्य बैङ्कको शेयर किन्ने रकम यसै शीर्षकमा समावेश भएकोमा उक्त रकम लगानी भएकोले साधारण तर्फ भन्दा विकास तर्फ राख्न उपयुक्त देखिंदा विकास तर्फ राखिएको छ । यसले गर्दा यस शीर्षकको खर्च घट्न गएको छ । मुआवजा तर्फ "क" बिर्ताको मुआवजा दिन चालू वर्ष रू. ३ लाख समावेश भएकोमा आगामी वर्ष रू. २ लाख मात्र समावेश गरिएको हुँदा संशोधित अनुमान भन्दा घटी हुन गएको छ ।

अब म खर्च बढेका केही मुख्य शीर्षकहरूको संक्षेपमा उल्लेख गर्दछु। सचिवालय तर्फ नयाँ पुनर्गठन बमोजिम दरवन्दीहरू थप भएको र प्रशासन अझ छिटो र छरितो बनाउन केही आवश्यक पटके खर्चहरू जस्तो फर्निचर इत्यादि रकमहरू समावेश भएको छ । पुलिस सेवालाई अझ बढी सक्रिय गर्न ७५विकास जिल्ला अनुसार नयाँ संगठनको व्यवस्था भएकोले यसमा रू. १६ लाख जति बढी अनुमान हुन गएको छ । वर्तमान कर प्रशासन देशको सबै स्थानहरूमा पर्याप्त मात्रामा विस्तृत नभइसकेकोले यसलाई विस्तारै विस्तार गर्न उक्त स्थानहरूमा आगामी वर्षदेखि केही नयाँ दरवन्दीहरू कायम गरिएको छ । वैदेशिक विविधमा अन्तर्राष्ट्रिय फाइनान्स कर्पोरेशनको रू. ४ लाख २५ हजार नयाँ चन्दा समावेश भएको र यु. एन्. टि. ए. बी. अफिसको स्थानीय खर्च समेतको निम्ति करीव रू. २ लाख रकम समावेश भएको छ । उत्तरी सीमावर्ती प्रशासनको निम्ति नयाँ खर्च रू. ११ लाख ४३ हजार समावेश गरिएकोले जिल्ला प्रशासनको खर्च बढ्न गएको छ । शिक्षा र स्वास्थ्य शीर्षक अन्तर्गत क्रमशः विकासबाट स्कूलहरूको लागि अनुदानको रकम साधारणतर्फ श्री ५ को सरकारले व्यहोर्ने गरी सरी आएको रू. १० लाख र हेल्थ सेन्टर २६ र अस्पताल ३ साधारण वजेटमा समावेश भएकोले संशोधित अनुमानभन्दा बढी अनुमान गरिएको हो । संचारमा विशेष गरेर हुलाक तर्फ अन्तर्राष्ट्रिय हुलाक सेवा चालू भएकोले ट्रान्जिट खर्चमा चाहिने बढी खर्च र हुलाक टिकट बढी छपाउनको समेत बढी खर्च चाहिएकोले रू. ३ लाख बढी राखिएको छ । टेलिकम्यूनिकेशन तर्फ अन्तर्रा-

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ष्ट्रिय टेलिकम्यूनिकेशन चालू गर्न फिर्ता खर्चमा रू. २ लाख नयाँ रकम समावेश भएको र आकाशवाणी तर्फ केन्द्रीय आकाशवाणी सेट र जिल्लाको आकाशवाणी सेटहरूको निम्ति चाहिने औजार के रू. ४लाख ५० हजार औजार रकम समावेश भएकोले यस शीर्षकमा अनुमान बढी हुन आएको छ। सरकारी कर्मचारीहरूको तलव बढाउनु आवश्यक भएकोले त्यसकोलागि रू. १ करोड ३० लाख भइपरी आउने शीर्षकमा समावेश गरिएकोले उक्त शीर्षकको खर्च बढी हुन आएको छ।

अध्यक्ष महोदय, आर्थिक वर्ष २०२२।२३ देखि देशको आर्थिक विकासको लागि हामी पञ्चवर्षीय योजना लागू गर्दैछौं। विगत वर्षहरूमा भएको उत्साहवर्धक प्रगति, हाम्रो उपलब्ध साधन उपयोग गर्ने बढी क्षमता र हामीले योजनाको क्षेत्रमा हासिल गरेको अनुभवको आधारमा आगामी योजना विस्तृत बनाइएको छ। योजनामा लाग्ने खर्च रू. २२५ करोड हुनेछ, जस मध्ये रू. ५० करोड गैर सरकारी क्षेत्रमा खर्च गरिने छ। योजनाको मुख्य उद्देश्य हाम्रो उपलब्ध तथा निहित साधनहरूको अधिकतम उपयोग गरी हाम्रो आर्थिक विकासको गतिलाई द्रुततर बनाउँदै लैजानु हो। साधारणतया आगामी १५ वर्षमा हाम्रो राष्ट्रिय आय दोब्बर गर्ने लक्ष्य राखिएको छ। पञ्चायत व्यवस्थाको माध्यमद्वारा हामी यो पुनीत लक्ष्य हासिल गर्न समर्थ हुनेछौं भन्ने मेरो विश्वास छ।

हाम्रो देशमा कृषिको महत्व र अरू देशको पनि अनुभवको आधारमा छिटो प्रगतिको निम्ति आगामी योजनामा कृषि विकासलाई प्राथमिकता दिइएको छ। यो प्राथमिकता कृषि उत्पादनमा मात्र होइन, कृषितर्फ व्यवस्था मूलक सुधार गर्नेमा पनि लागू हुन्छ र वर्तमान भूमिसुधार कार्यक्रम यसको एक महत्वपूर्ण अङ्ग हो। कृषिको छिटो विकासको लागि र देशमा औद्योगीकरणको लागि आधारभूत व्यवस्था सृजना गर्न यातायातको ठूलो महत्व भएकोले यातायातको साधन वृद्धि गर्ने तर्फ पनि विशेष जोड दिइएको छ। उद्योग धन्दाको विकासबाट कृषि विकासलाई पर्याप्त प्रोत्साहन मिल्ने र दीर्घकालीन दृष्टिकोणबाट औद्योगीकरणको महत्वको विचार गरी खास गरी गैर सरकारी क्षेत्रमा उद्योगधन्दाको विकास माथि पनि जोड दिइएको छ। शिक्षा,स्वास्थ्य, घरवार जस्ता सामाजिक सेवाका सुविधाहरू सुसंगठित तथा व्यवस्थित रूपमा उपलब्ध गराउने तर्फ पनि विशेष ध्यान दिइएको छ।

यस योजनाको पृष्ठभूमि योजनाको प्रथम वर्ष २०२२।२३ मा रू. ३११ करोड४ लाख ६६ हजार विकास तर्फको खर्च प्रस्तावित गरिएको छ।

१३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यस रकम मध्ये रू. ११ करोड ५३ लाख १४ हजार अर्थात् करीब ३७ प्रतिशत श्री ५ को सरकारबाट र बाँकी मित्र राष्ट्रहरूबाट प्रदान गरिएको सहायताबाट बेहोरिने भएको छ। रू. ८ करोड ६० लाख २ हजार भारतबाट, रू. ७ करोड ३७ लाख २६ हजार संयुक्त राज्य अमेरिकाबाट, रू. १ करोड ६० लाख रूसबाट, रू. १ करोड ४६ लाख ६७ हजार चीनबाट र बाँकी रू. ३५ लाख १४ हजार ग्रेट ब्रिटेन, फोर्ड फाउण्डेशन, स्वीट्जरल्याण्ड आदिबाट प्राप्त सहायताबाट बेहोरिने भएको छ। उपर्युक्त सहायताको अङ्कमा विभिन्न मित्रराष्ट्रहरू र संस्थाहरूबाट उपलब्ध प्राविधिक सहायता र आयोजनाको लागि प्राप्त हुने मालसामान आदि समावेश गरिएको छैन। यी सहायताको लागि म सबै मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय संस्थाहरूलाई धन्यवाद दिन चाहन्छु। साथै विकासतर्फ हुने खर्चमा श्री ५ को सरकारको आन्तरिक साधनबाट सबै भन्दा बढी योगदान दिन सकिने भएकोमा म माननीय अध्यक्षज्यू मार्फत माननीय सदस्यहरू तथा देशवासीहरूलाई उहाँहरूको सौहार्दपूर्ण सहयोगको लागि धन्यवाद दिन चाहन्छु।

## ४

अध्यक्ष महोदय, गत केही वर्षदेखि यता साधारण तर्फको सबै आवश्यक खर्चहरू बेहोरी बचतबाट विकास कार्यको निम्ति ठोस सहयोग दिन श्री ५ को सरकार समर्थ हुँदै आएको छ। तर परावलम्बनमा ज्यादा भर नपर्ने नीति अनुसार अझ बढी योगदान दिंदै जानु परेको छ। जनताको कर तिर्ने क्षमताको साथै कर तिर्ने बानी समेत बढ्दै जानु आवश्यक छ। यस दृष्टिमा गत ४।५ वर्ष यताका उपलब्धिहरू उत्साहवर्धक छन्। सम्वत् २००७ सालसम्म प्रत्यक्ष करको रूपमा केवल "सलामी" नामको दस्तूर बाहेक अरू केही थिएन यो दस्तूर महीना महीनामा कर्मचारीको तलबबाट केही अंशमा कट्टा गर्ने प्रथा थियो। २००७ साल पश्चात् यो प्रथा खारेज गरियो। देश विकासको कार्यको लागि आन्तरिक पूँजीको ज्यादै महत्व भएकोले पूँजी संकलनको निमित्त आर्थिक वर्ष २०१६।१७ देखि केही प्रत्यक्ष करहरू नेपालको अर्थ व्यवस्थामा समावेश गरियो। तर प्रारम्भमा सरकारी कर्मचारीहरू बाहेक यस्ता किसिमका करहरू तिर्नेको संख्या अत्यन्त कम थियो।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रशासन सुदृढ हुनाको साथै नेपाली जनताले श्री ५ को सरकारले गर्दै आएको विकास कार्यप्रति विश्वास गर्दै बढी रूपले कर तिर्दै आएका छन्। आज श्री ५ को सरकारको कर्मचारीहरूको हिस्सामा सम्पूर्ण आय करको ३ प्रतिशत जति मात्र र बाँकी ९७ प्रतिशत सर्वसाधारण जनताले बेहोरेको छ।

अध्यक्ष महोदय, अब म राजस्व बढाउन पहिलेदेखि नै लगाई आएका करहरूमा केही थपघट गर्ने तथा केही नयाँ करहरू उठाउने समेत प्रस्तावहरू पेश गर्दछु।

१. आयकरको दरमा केही परिवर्तन गरी निम्न तालिका बमोजिम आर्थिक बर्ष २०२२।२३ मा आयकर लाग्ने छ।

तालिका

| खूद आय | करको दर प्रतिशत |
|---|---|
| रू. ५,०००। सम्म | केही नलाग्ने। |
| त्यसपछि रू. ५,०००। सम्म | ६ प्रतिशत |
| त्यसपछि रू. ५,०००। सम्म | ७ प्रतिशत |
| त्यसपछि रू. ५,०००। सम्म | ८ प्रतिशत |
| त्यसपछि रू. ५,०००। सम्म | १० प्रतिशत |
| त्यसपछि रू. ५,०००। सम्म | १२ प्रतिशत |
| त्यसपछि रू. ५,०००। सम्म | १४ प्रतिशत |
| त्यसपछि रू. ५,०००। सम्म | १७ प्रतिशत |
| त्यसपछि रू. ५,०००। सम्म | २२ प्रतिशत |
| त्यसपछि रू. ५,०००। सम्म | २७ प्रतिशत |
| त्यसपछि रू. ५,०००। सम्म | ३२ प्रतिशत |
| त्यसपछि रू. जतिसुकैमा | ४० प्रतिशत |

मुनाफा गर्ने उद्देश्यले गठन भएको कुनै स्वशासित संस्थाले गरेको वार्षिक खूद मुनाफा (आय) मा आर्थिक वर्ष २०२२।२३ देखि माथिको तालिकामा छुट् दिन भनी रहेको रू. ५०००। सम्ममा पनि ६ प्रतिशतकै दरले आयकर लाग्ने छ। उद्योग व्यवसायबाट भएको आयमा लागेको आय करको साबिक बमोजिम २५ प्रतिशत रिहाई दिइने छ। साथै श्री ५ को सरकारबाट निष्काशित विकास ऋणमा लगानी गर्नेहरूले पाउने ब्याजमा आर्थिक वर्ष २०२२।२३ देखि आय कर लाग्ने छैन। यसबाट राजस्वमा थप आय रू. १० लाख हुने अनुमान छ।

९३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. आर्थिक वर्ष २०२२।२३ देखि निम्न तालिका बमोजिम घर जग्गा बहाल कर लागू गरिएको छ ।

तालिका

| वार्षिक बहालको रकम | करको प्रतिशत |
|---|---|
| रू. २,०००। सम्म | केही नलाग्ने |
| त्यसपछिको रू. ४,०००। सम्म | १० प्रतिशत |
| त्यसपछिको रू. २,०००। सम्म | १५ प्रतिशत |
| त्यसपछिको रू. २,०००। सम्म | २० प्रतिशत |
| त्यसपछिको रू. जतिसुकैमा | २५ प्रतिशत |

घर बहाल कर निर्धारित गर्दा घरधनीले बेहोरी आएको भए घर मर्मत बापत १० प्रतिशत,फर्निचर बापत २ प्रतिशत, बिजुली वापत २ प्रतिशत, धारा पानी वापत ¼ प्रतिशत र अरू खर्च बापत ¾ प्रतिशत कट्टा गरी बहालबाट प्राप्त भएको रकमको बाँकी अंक कायम गरी त्यसमा कर लाग्नेछ ।

आफ्नो घर मरम्मत गरी वा नयाँ घर बनाई केही समयसम्मको बहाल नतिरी बस्न पाउने शर्तमा कसैलाई दिएको रहेछ भने त्यसरी सजिएको वा नयाँ बनाइएको घरको घर जग्गा कर ऐन, २०१९ अनुसार घरको औसत लागत खर्चको मात्र हिसाब गरी ठहरिएको मूल्यको १० प्रतिशत वार्षिक बहालको अंक कायम गरी मर्मत इत्यादि वापतको अन्य कुनै छुट् नदिई घर जग्गा बहाल कर लगाइनेछ ।

वार्षिक रू. २,०००। सम्म घर जग्गाबाट बहाल प्राप्त हुने रकममा नेपाल आय कर ऐन, २०१९ बमोजिम आय कर लाग्नेछ । सो हद भन्दा बढी रकम प्राप्त हुनेमा माथिको दफा अनुसार घर जग्गा बहाल कर लाग्ने हुँदा नेपाल आय कर ऐन, २०१९ मा जेसुकै लेखिएको भएता पनि आय कर लाग्ने छैन । यसबाट राजस्वमा थप आय रू. ७ लाख हुने अनुमान छ ।

३. नेपाल अधिराज्यभित्र मुनाफा गर्ने उद्देश्यले कसैले कुनै काम गर्न रू. १०,०००। भन्दा बढी रकमको ठेक्का लिएकोमा आर्थिक वर्ष ०२२।२३ देखि ठेक अंकको २।। प्रतिशतका दरले ठेक्का कर लगाइने छ । यसबाट राजस्वमा थप आय रू. ८ लाख हुने अनुमान छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. नेपाल अधिराज्यभित्र बिक्री हुने मालहरूमा अनुसूची ५ बमोजिम मूल्यको २ प्रतिशतको दरले आजदेखि बिक्री कर लगाइएकोछ । यसबाट रू. २० लाख आय हुने अनुमान छ ।

५. विकसित राष्ट्रहरूले अन्तःशुल्कलाई राजस्वको प्रमुख स्रोत मध्ये एक स्रोत मानी आएका छन् । हाम्रो देशमा साल सालै यस स्रोतको आयमा केही वृद्धि भएको छ तापनि सन्तोषजनक ढङ्गबाट अझै हुन सकेको छैन । बिस्तारै बिस्तारै देशमा उद्योगहरू पनि बढ्दै गएकाले यस स्रोतमा ठूलो भरोसा राख्न सकिने स्थिति भरखरै मात्र सृजना हुँदैछ । अतएव देशको वर्तमान आर्थिक परिस्थितिको विचार राखी देशभित्र उपभोग्य सामानहरू उत्पादन गर्ने उद्योगहरूलाई अन्तःशुल्क कम अथवा यथावत् कायम राखेमा तथा केही बृद्धि गरेमा पनि राष्ट्रिय आर्थिक जीवनमा प्रतिकूल असर नपर्ने गरी देश भित्र उत्पादन गरिने केही वस्तुहरूमा लागेको अन्तःशुल्कको दरमा आजदेखि परिवर्तन गर्ने व्यवस्था मिलाएको छ । साथै केही उद्योगहरूको उत्पादनमा अहिलेसम्म अन्तःशुल्क नलागेको पनि हुँदा बदलिंदो परिस्थिति अनुकूल अन्तःशुल्क लगाई आयको स्रोत बढाउने प्रयत्न गरेको छु ।

(क) नेपाल अधिराज्यभित्रको कारखानामा तयार वा उत्पादन गरिएको नाइलन वा यस्तै कृत्रिम रेशाबाट तयार भएको कपडामा प्रति वर्ग मिटर रू. ।२० पैसाको दरले अन्तःशुल्क लगाइएको छ ।

(ख) नेपाल अधिराज्यभित्रको कारखानामा तयार वा उत्पादन गरिएको नाइलनको सबै किसिमको टाँक (बटन) प्रति १२ दर्जन थान टाँकमा रू. ।४ पैसाको दरले अन्तःशुल्क लगाइएको छ ।

(ग) नेपाल अधिराज्यभित्रको कारखानामा तयार वा उत्पादन गरिएको स्टेनलेस स्टीलको भांडा प्रति किलोग्राममा रू. ४। रूपैयाँका दरले अन्तःशुल्क लगाइएको छ ।

(घ) नेपाल अधिराज्यभित्र तयार वा उत्पादन गरिएको खयर (कत्था) प्रति किलो ग्राममा रू. ।३० पैसाको दरले अन्तःशुल्क लगाइएको छ ।

(ङ) नेपाल अधिराज्यभित्रको फ्याक्टरी वा कारखानामा तयार वा उत्पादन गरिएको ऊनी धागो (उलन यार्न) मा प्रति पाउण्ड रू. ३। रुपैयाँका दरले अन्तःशुल्क लगाइएको छ ।

१३५ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) नेपाल अधिराज्यभित्रको मील वा फ्याक्टरीमा तोरी, सस्यूँ, तिल, आलस वा यस्तै कुनै तेलहनबाट तैयार गरिएको तेल प्रति किलो-ग्राममा रू. ।१५ पैसाको दरले अन्तःशुल्क लगाइएको छ ।

(छ) नेपाल अधिराज्यभित्रको स-मील (काठ चिर्ने कारखाना) बाट चिरान भएको हरेक जातको काठमा प्रति वर्ग फुट रू. ।५ पैसाको दरले अन्तःशुल्क लगाइएको छ। तर चिरान भएको लकडीको सबै भन्दा चौडा भाग भएको केवल एकापट्टिको भागको नापमा मात्र अन्तःशुल्क लाग्ने छ। लम्बाईबाट टुक्र्याउँदा भने यस्तो अन्तःशुल्क लाग्ने छैन । गोलीया लकडीलाई चौपत्ता तुल्याउन वाकल झिक्दा गरेको चिरानबाट निक्लेको वाकलमा पनि यस्तो अन्तःशुल्क लाग्ने छैन ।

(ज) बिडीमा अन्तःशुल्क १० जना भन्दा बढी मजदूर भएको कारखानामा मात्र लागी आएकोमा अब त्यस प्रकारको छुट नदिने गरिएको छ ।

(झ) नेपाल अधिराज्यभित्रको कारखानामा तयार वा उत्पादन भएको चुरोटमा अहिलेसम्म रू. १। प्रति हजार खिल्ली चुरोटमा अन्तःशुल्क लागी आएको छ, जब कि छिमेकी भारतमा बेसिक अन्तःशुल्क मात्र प्रति हजार खिल्ली चुरोटमा रू. ३।२० देखि रू. ५४।४० सम्म लागेको छ र साथै त्यसमाथि अन्य करहरू र सूर्तीको उत्पादनमा पनि अन्तःशुल्क लागेको छ । यस्तो स्थितिमा हाम्रा कारखानाहरूले प्रशस्त संरक्षण पाइरहेकै हुँदा प्रचलित अन्तःशुल्कको दरमा प्रशस्त थप गर्न सकिने गुञ्जायस भए तापनि आजदेखि रू. ३०। सम्मको मूल्यको चुरोट प्रति हजारमा रू. २। र सो भन्दा माथिकोमा रू. ३। कायम गरिएको छ ।

(ञ) नेपाल अधिराज्यभित्रको कारखाना वा फ्याक्टरीमा तयार वा उत्पादन भएको चिनीमा अहिलेसम्म रू.७। प्रति मन अन्तःशुल्क लागीआएको छ; जब कि भारतमा समेत रू. १७।५४ जति लगाइएको छ । यस्तो स्थितिमा केही अन्तःशुल्क वृद्धि गर्न सकिने गुञ्जायस भएकोले आजदेखि रू. ५। रुपैयाँ प्रति मनका दरले थप गर्ने गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उल्लिखित अन्त:शुल्क सम्बन्धी प्रस्तावहरूको फलस्वरूप राजस्वमा थप रू. ७५ लाख वृद्धि हुने अनुमान छ।

६. श्री ५ को सरकारको भंसार सम्बन्धी नीति उद्योग तथा व्यवसायलाई संरक्षण एवं प्रश्रय दिने, अन्तर्राष्ट्रिय जगत्मा नेपालको व्यापार विकसित तुल्याउँदै लगी आयात निर्यातलाई सन्तुलित तुल्याउने र व्यापारमा अनेकता ल्याउने, निकासीलाई बढी प्रोत्साहन दिने, साधारण उपभोक्ताहरूको दैनिक बढ्दो आवश्यकता माथि बढी ध्यान दिने समेत रहेकै छ। यसै नीतिको अनुरूप सुझाव दिन स्थायी टेरिफ कमिशन यसै आर्थिक वर्षमा गठन भएको हो। व्यावहारिक अवस्थाहरूको अध्ययन गरी कमिशनले समय समयमा श्री ५ को सरकारलाई पछि पनि सुझाव दिने नै छ। धेरै जसो खाद्य वस्तुहरूको आयातमा दर घटाइएको छ। त्यस्तै निर्माण सम्बन्धी सबै जसो वस्तुहरूमा पनि कम गरिएको छ अथवा यथावत् राखिएको छ। बस, ट्रक र त्यसका पार्टसहरूको दरबन्दीमा पनि कमी गरिएकोछ। समुद्रपारका देशहरूबाट आयात हुने अधिकांश वस्तुहरूको भारत सरह नै दर राखिएको छ। देशभित्रै उत्पादन गर्ने उद्योगहरूलाई संरक्षण दिन त्यस्ता वस्तुहरूको पैठारी दरमा र सरचार्ज दरमा वृद्धि गरिएको छ। विलासीका वस्तुहरूमा दर बढाइएको छ। समुद्र पारबाट फर्कने नेपालीले भंसार नतिरी ल्याउन पाएको ट्रान्जिष्टर रेडियोको सुविधा बन्द गरिएको छ। कमिशनको अधिकांश सैद्धान्तिक सिफारिशको आधारमा तथा उपर्युक्त कुराहरू र राजस्वको समेत विचार राखी विभिन्न निकासी पैठारीका वस्तुहरूमा अनुसूची १, २, ३ र ४ बमोजिम साधारण हेरफेर गरी भन्सार महसूल र सरचार्ज निश्चित गरिएको छ।

भारतका मिलहरूबाट ए. आर. वन. इन्भ्वाइस फाराम प्रणालीबाट देशभित्र सीधै माल सामानहरू पैठारी होस् भन्ने अभिप्रायले भारतका बजारबाट पैठारी हुने त्यस्ता माल सामानको पैठारी महसूल दरमा थप गरिएको छ। यसबाट उपभोक्ताहरूमा खास कुनै असर पर्न जाँदैन।

भोट तर्फको दरबन्दी धेरै समय अघिदेखि प्रायः यथावत् रहेको थियो। यो साल कतिपय निकासी हुने वस्तुहरूमा महसूल वृद्धि गरिएको छ। मनगत, धार्नीगत, मुरीगत दरबन्दी रहेकोमा किलोगत गरी समानता ल्याउने तर्फ पनि केही प्रयास भएको छ। यसरी भन्सार दरबन्दीमा परिवर्तन गर्दा श्री ५ को सरकारलाई थप राजस्व रू. १ करोड ५३ लाख आय हुने अनुमान छ।

१२ अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपर्युक्त बाहेक अरू सबै कुराहरू साबिक बमोजिम कायम राखिएका छन् ।

मैले माथि प्रस्तुत गरेको कर सम्बन्धी प्रस्तावहरूबाट रू. २ करोड ७३ लाख थप आय हुने भई आर्थिक वर्ष २०२२।२३ को निम्ति कूल आय रू. २३ करोड ६६ लाख ३२ हजार अर्थात् चालू आर्थिक वर्षको संशोधित अनुमान भन्दा २६ प्रतिशत बढी आय हुने अनुमान छ । यसरी साधारण आय–व्ययबाट रू.८करोड ६५ लाख ८६ हजार कूल अर्थात् आयको ३८ प्रतिशत बचत भई विकास कार्यमा खर्च हुने भएको छ जब कि चालू आर्थिक वर्षमा कूल आयको ३२ प्रतिशत बचत भई विकास तर्फ खर्च हुने संशोधित अनुमान छ । त्यस्तै गरी आर्थिक वर्ष २०२०।२१ मा कूल आयको २८ प्रतिशत बचत भई विकास कार्यमा खर्च भएको थियो । विकास तर्फ श्री ५ को सरकारबाट बेहोर्नु पर्ने जम्मा रकम रू. ११ करोड ५३ लाख १४ हजार अर्थात् कूल विकास खर्चको ३४ प्रतिशत खर्च अनुमान गरिएको छ । उक्त रकम मध्ये आय–व्ययको बचतबाट रू. ८ करोड ६५ लाख ८६ हजार, दीर्घकालीन आन्तरिक विकास ऋणबाट रू. १ करोड, विदेशी ऋणबाट रू. १५ लाख र यति गर्दा पनि खूद न्यून रहन आउने रू. १ करोड ४२ लाख २८ हजार मौज्दातबाट बेहोरिने अनुमान छ ।

भारतीय सहायता अन्तर्गत भारत सरकारद्वारा सोझै सञ्चालित विकास आयोजनाहरूको खर्च बजेटमा समावेश नगर्ने गरी आएकोमा चालू आर्थिक वर्षको पूरक बजेटदेखि उक्त खर्चहरू पनि बजेटमा समावेश गरिएकोले विकास तर्फको खर्चमा श्री ५ को सरकारबाट बेहोरिने खर्चको प्रतिशत घट्न गए तापनि भारतीय सहायताबाट सोझै सञ्चालित आयोजनाहरूको खर्च कटाएमा वास्तवमा श्री ५ को सरकारबाट बेहोरिने खर्चमा करीब ७ प्रतिशत आगामी वर्षको निम्ति वृद्धि नै भएको छ । महोदय, यसरी सालसालै विकास तर्फको खर्चमा हाम्रो आन्तरिक साधनहरूलाई बढाउँदै लगी विदेशी सहायता माथिको निर्भरता घटाउँदै लैजानमा समर्थ हुंदै जानु हामी सबै नेपालीको निम्ति ठूलो गौरवको कुरा हो ।

५

अब म आगामी आर्थिक वर्ष २०२२।२३ को विदेशी विनिमय बजेट पेश गर्दछु । चालू आर्थिक वर्षमा आम्दानी तर्फ रू. ४ करोड ७० लाख तथा खर्चतर्फ रू. ६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

करोड १८ लाख ६० हजार हुने अनुमान गरिएको थियो र यसमा रू. १ करोड ४८ लाख ६० हजारको न्यूनता देखिन आएकोमा परिवर्त्य विदेशी मुद्राको मौज्दातबाट पूर्ति गर्ने प्रारम्भिक अनुमान थियो। वास्तविक आय-व्यय तर्फ विचार गर्दा ११ महीनाको आधारमा आम्दानी तर्फ रू. ६ करोड ६४ लाख ४५ हजार पुग्न जाने संशोधित अनुमान भएको र खर्चतर्फ जम्मा रू. ४ करोड ५२ लाख २२ हजार पुग्न जाने संशोधित अनुमान भएको छ।

नेपाल ऐतिहासिक, धार्मिक तथा प्राकृतिक सौन्दर्यले परिपूर्ण छ । अतएव पर्यटन उद्योगको भविष्य उज्ज्वलछ। पर्यटन उद्योग विदेशी मुद्राको आयको प्रधान स्रोत भएका कतिपय अन्य राष्ट्रहरू पनि छन्। तसर्थ श्री ५ को सरकारले पर्यटन उद्योगलाई विकास गर्नमा विशेष रूपले ध्यान दिंदै आएको छ। हाम्रो देशमा आउने पर्यटकहरूको संख्यामा प्रतिवर्ष वृद्धि हुँदै गएको छ तापनि अन्य विकसित राष्ट्रहरूको दाँजोमा उच्चस्तरका होटेलहरूको कमीले गर्दा आउन पर्ने जति संख्यामा पर्यटकहरू अझै आइसकेका छैनन्। हालै अन्तर्राष्ट्रिय स्तरका केही होटेलहरू स्थापना हुँदै गएकाले आगामी वर्षहरूमा पर्यटकहरूको क्रमशः संख्या बढ्दै गई पर्यटन उद्योग विदेशी मुद्रा आम्दानी गर्ने एक प्रधान स्रोत हुँदै जानेछ। निर्यात व्यापार पनि विदेशी मुद्राको एक मुख्य स्रोत हो । निर्यात व्यापारबाट हुन आउने आय गत वर्ष केही घट्न गएको थियो तापनि चालू वर्षदेखि पुनः वृद्धि हुँदै आएको छ। यसबाट पनि आगामी आर्थिक वर्षमा अझ बढी आम्दानी हुन आउने आशा गरिएको छ। साथै भैरहेको निकासी पैठारी सम्बन्धी व्यवस्थामा पनि आवश्यक सुधार ल्याई निकासी व्यापारलाई अझ बढी प्रोत्साहन दिने तर्फ श्री ५ को सरकारले विचार गर्दै जानेछ।

आगामी आर्थिक वर्ष २०२२।२३ को विदेशी विनिमयको बजेटमा जम्मा रू. ५ करोड ६० लाख आम्दानी र रू. ८ करोड २८ लाख खर्च हुने अनुमान गरिएको छ। आर्थिक वर्ष २०२२।२३ देखि तेस्रो योजना प्रारम्भ हुने भएको र योजनाको शुरू शुरूको अवस्थामा धेरै अनुपातमा खर्च नहुने अनुमान समेत गरी आवश्यक विदेशी मुद्राको व्यवस्था गरिएको छ। श्री ५ को सरकारको कार्यान्वयनको क्षमता क्रमशः वृद्धि हुँदै जानु स्वाभाविकै हो। यस वर्ष विकास कार्यको निमित्त रू. ३ करोड ८२ लाख रहेकोमा आगामी आर्थिक वर्षको निमित्त रू. ५ करोड २६ लाख ७१ हजार अर्थात् कूल खर्चको ६३ प्रतिशत

९८० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राखिएको छ। विभिन्न आयोजनाको निम्ति आवश्यक माल सामानहरू झिकाउन लगभग रू. २२ करोडको आवश्यकता पर्न आउने देखिन्छ। साथै सरकारी तथा गैर सरकारी विभिन्न कामको निमित्त लगभग प्रति वर्ष रू. ३ करोडको हिसाबबाट योजना अवधिमा करीब रू. १५ करोडको आवश्यकता पर्न आउने देखिएको छ। यी दुवै कलमको हिसाब गर्दा पञ्चवर्षीय योजना अवधि भित्र कूल रू. ३७ करोड बराबरको विदेशी मुद्राको आवश्यकता पर्न आउनेछ। सकभर वार्षिक आम्दानीलाई बृद्धि गर्दै गई सबै खर्च व्यहोर्ने प्रयास जारी राख्ने छ। तर पनि कारणवश वार्षिक आम्दानीबाट नपुग भएमा मौज्दात तथा विदेशी ऋण समेत बाट व्यहोर्ने व्यवस्था गरिने छ। आर्थिक विकाशको क्रममा विदेशी मुद्राको आवश्यकता वार्षिक आम्दानीले पुऱ्याउँदै जान सकिन्न भन्ने कुरा विकाशोन्मुख देशहरूको अनुभवले बताएको छ। यस दृष्टिबाट हाम्रो आजको अवस्था साधारणतया उत्साहवर्धक छ।

आज हाम्रो देशमा विनिमय दरमा बिलकूल स्थिरता आई सकेकोछ। प्रारम्भमा आयोजनाहरू तीव्रगतिले सञ्चालन हुन नसक्ने तथा खर्च गर्ने साधनहरू सीमित भएकोले विदेशी मुद्राको खर्च पनि घटी नै थियो। तर योजना सञ्चालनको गति क्रमशः बढ्दै गएपछि विदेशी मुद्राको खर्च पनि क्रमशः बढ्दै गयो र मैले माथि व्यक्त गरे अनुसार भविष्यमा अरू पनि बढ्दै जाने कुरा स्पष्ट छ। अतएव यस्ता मुद्राहरूको सदुपयोग होस् भन्ने नीति अवलम्वन गर्दै श्री ५ को सरकारले विदेशी मुद्राको मौज्दात बढाउंदै लगी खर्च आवश्यकतानुसार मात्र गर्दै आएको छ। २०२१ साल ज्येष्ठ महीनाको तुलनामा यस वर्षको ज्येष्ठ महीनामा परिवर्त्य विदेशी मुद्राको मौज्दात करीव २५ प्रतिशत वृद्धि हुन गएको छ। परिवर्त्य विदेशी मुद्राको मौज्दात यसरी अनिश्चित रूपले वृद्धि गरिंदै जानु उचित होइन भन्ने कसै कसैको भनाई छ। यो तथ्य मनासिव पनि हो। तर यस्ता राष्ट्रहरूमा उत्पादनको ठूलो अंश कृषिमा निर्भर रहने भएकोले सबै कुराको विचार राखी कतिपय विकासोन्मुख देशहरूमा एक वर्षमा हुने पैठारी बराबरको विदेशी मुद्रा मौज्दात राख्ने चलन पनि छ। महोदय, आज मौज्दात बढी छ भनी लापरवाही साथ खर्च गर्ने स्थितिमा हामी छैनौं भन्ने मलाई लाग्छ। यदि वार्षिक विदेशी मुद्राको आयको स्रोत निरन्तर कायम रही देशको खुला बजारको मागभन्दा बढी आम्दानी गर्ने स्थितिमा पुग्न सकेको भए संभवतः विदेशी मु-

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

द्रा माथिको कुनै पनि नियन्त्रणको आवश्यकता समेत पर्न आउने थिएन । तर त्यस्तो स्थितिमा हामी छैनौं । तसर्थ भैरहेको मौज्दातको साथै पछि पछि आम्दानी हुने मुद्रा आवश्यक काममा खर्च गर्ने नीति श्री ५ को सरकारले अवलम्वन गर्दै जाने छ ।

६

मैले गत साल आर्थिक वर्ष २०२१।२२ को वजेट प्रस्तुत गर्दा श्री ५ को सरकारले विभिन्न क्षेत्रमा उठाएका प्रमुख कदमहरू बारे उल्लेख गरेको थिएँ । ती मध्ये कतिपय कार्यहरू हुँदै रहेका र धेरैजसो कार्यहरू सफलतापूर्वक सम्पन्न समेत गर्न सकेकाछौं । आर्थिक प्रशासनलाई अझ दरिलो पार्न आवश्यक सुधारहरू क्रमश: हुँदैछ । यसको फलस्वरूप श्री ५ को सरकारले आफ्नो राजस्वबाट बढी से बढी योगदान दिंदै जान सकेको छ । साथै आन्तरिक साधनहरूको परिचालन गर्ने तर्फ पनि आवश्यक कदमहरू सफलतापूर्वक उठाइँदै गएको कुरा सबैमा बिदितै छ । आर्थिक प्रशासनमा स्रेस्ता प्रणालीको मुख्य स्थान रहने भएकोले निर्धारित लक्ष्य अनुसार कर्मचारीहरूलाई नयाँ स्रेस्ता प्रणालीमा तालीम दिई विभिन्न क्षेत्रमा नयाँ स्रेस्ता प्रणाली लागू गर्दै जाने काम भएको छ । साथै प्रत्येक विकास जिल्लामा माल अड्डा कायम गर्ने नीति अनुसार भइरहेको माल अड्डाहरूको विकास जिल्ला अनुसार लगत फोडी माल फुटाउने काम भई रहेको छ । यसको निमित्त घर तथा अरू आवश्यक व्यवस्था हुँदै रहेकोले आगामी आर्थिक वर्ष भित्र यो काम पूरा भई सक्ने आशा गरिएको छ । कृषि सम्बन्धी श्री ५ को सरकारको नीति अनुसार कृषि सम्बन्धी ऐन क्रमश: अन्य जिल्लाहरूमा पनि लागू गर्दै जाने काम जारी रहेको छ । यी सबै कुराको लेखा जोखाबाट सन्तोषजनक रूपले सफलता हासिल हुँदै आएको अनुभव हामीलाई भएको छ ।

आर्थिक प्रशासन तर्फ राजस्व प्रशासनलाई अझ सुदृढ तथा सुव्यवस्थित पारी राजस्व बढाउने उद्देश्यले चालू आर्थिक वर्षमा विभिन्न कदमहरू उठाइएका छन् । कर अफिसहरूको कार्य क्षेत्र विस्तृत हुँदै गएकोले नयाँ अफिसहरू कायम गर्न आवश्यक पर्न आएको छ । यी नयाँ कर अफिस र सवारी कर अफिसहरूको निमित्त आवश्यक मद्दत थप गर्ने व्यवस्था हुँदै रहेको छ । सीमानाको नाकामा रहेका भन्सारहरू नै पर्याप्त हुने देखिएकोले आन्तरिक भन्सारहरू खारेज गर्ने काम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भइसकेको छ । भन्सार अफिसको निमित्त घरको राम्रो व्यवस्था भई नसकेकोले आवश्यक ठहरिएका ठाउँहरूमा २३ नयाँ भन्सार भवन निर्माण गर्ने लक्ष्य राखिएकोमा २२ भवनहरू समाप्त प्रायः छन् र आगामी आर्थिक वर्षको प्रारम्भमा भन्सार अड्डाहरू नयाँ भवनमा सारिने छन् । भन्सारबाट हुने आयको चुहन रोक्न भन्सार चोरी निवारण टोलीहरूको नयाँ व्यवस्था गर्नेतर्फ कारवाई भइरहेको छ र आगामी वर्षको शुरुदेखि लागू हुनेछ । देशभित्र खपत हुने माल सामानहरूको उत्पादन गर्ने उद्योगहरू क्रमशः स्थापना हुँदै गएकाले अन्तःशुल्क सम्बन्धी व्यवस्थाको विस्तार हुँदै जानु आवश्यक छ । यसको प्रशासनलाई दरो पार्ने लक्ष्यले बेग्लै विभाग कायम गर्ने तर्फ कारवाई चलाइएको छ । अन्तःशुल्क सम्बन्धी प्रशासनमा यसरी सुधार आउनाले राजस्वको स्रोतलाई अझ मजबूत पार्नमा विशेष सहायता मिल्दै जाने छ ।

साथै बजेट व्यवस्थामा पनि हाम्रो परिस्थिति सुहाउँदो क्रमशः सुधार ल्याउने काम भएको छ । अहिलेसम्म बजेटमा आय–व्ययको यथार्थ फांटवारी प्रस्तुत गर्न सकिएको थिएन । बजेटमा निर्धारित कार्यक्रमहरूको कार्यान्वयनको मूल्याङ्कनको निमित्त आय–व्ययको फांटवारी समावेश हुनु आवश्यक छ । देशको आर्थिक अवस्था अझ सरलतापूर्वक सबैले बुझ्न सकून् भन्ने हेतुले खर्चको आर्थिक वर्गीकरण गर्ने व्यवस्था समेत क्रमशः गर्दै जाने नीति छ । बजेट व्यवस्थामा गरिएका विभिन्न सुधारहरू अनुकूल हिसाब सम्बन्धी स्रेस्तालाई पनि आधुनिक ढङ्गबाट राख्ने व्यवस्था गर्नु पर्ने आवश्यकता हुन आएको छ । हालसम्म कोषको प्रशासन एकाउण्टेण्ट जनरलबाट भइआएकोमा यस अफिसले स्रेस्ता सम्बन्धी काममा विशेष ध्यान दिन सकोस् भनी कोष प्रशासनको काम एकाउण्टेण्ट जनरल अफिसबाट झिकी आय–व्यय सम्बन्धी कामगर्ने अर्थमन्त्रालयको सम्बन्धित शाखाबाट गराउने व्यवस्था गरिने भएको छ ।

अध्यक्ष महोदय, यसरी श्री ५ को सरकारको निरतन्र प्रयास र सबैको सामूहिक फलस्वरूप आज देशमा द्रुततर रूपले आर्थिक स्थिरता कायम हुँदै आएको छ । आज पनि कतिपय समस्याहरू हाम्रा सामुन्ने छँदैछन् र भविष्यमा अरू बढी समस्याहरू पनि आइपर्ने छन् । दोस्रो त्रि–वर्षीय योजनाले तुलनात्मक रूपमा सफलतासाथ देशलाई विकासको बाटोतिर लग्दैछ । यो कम गौरवको कुरा होइन कि आज देशको राजस्व क्रमिक रूपले बढ्दै छ । चार वर्ष अगाडि सम्म वर्ष–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भरको सरकारी आम्दानीले साधारण प्रशासकीय खर्च समेत पुऱ्याउन नसक्ने अवस्थामा रहेको हाम्रो देश आज आफ्नो वार्षिक आम्दानीबाट साधारण तर्फको सबै खर्च पुऱ्याएर पनि पर्याप्त मात्रामा बचत निकाली विकासमा बढी योगदान दिने अवस्थामा छ ।

अध्यक्ष महोदय, मैले आफ्नो वक्तव्यमा देशले यस आर्थिक वर्षभित्र गरेको आर्थिक प्रगतिको सम्बन्धमा र भविष्यमा सम्पन्न गरिने कार्यहरूको सम्बन्धमा केही तथ्याङ्कहरू राष्ट्रिय पञ्चायत संमुख पेश गरें । साथै यस वर्ष देशको प्रगतिमा विभिन्न क्षेत्रहरूबाट भएको योगदानको पनि उल्लेख गरें । तर वास्तविक सफलता केवल तथ्याङ्क संग्रह गर्दैमा र आँकडाको आधारमा साबित गर्दैमा मात्र प्राप्त गर्न सकिन्न । समस्त अधिराज्यका हाम्रा हजारौं लाखौं दाजु-भाइ दिदी-बहिनीहरूले उहाँहरू र उहाँहरूको बालबच्चाको जीवन बढी सुखमय र उन्नतशील हुँदै गएको क्रमशः अनुभव गर्दै जानु नै हाम्रो वास्तविक प्रगति हो । अन्तिम रूपमा हामीले आफ्नो लक्ष्य प्राप्त गऱ्यौं वा गरेनौं भन्ने कुरा यसै तथ्यमा निर्भर गर्दछ । अतएव अन्तमा माननीय अध्यक्ष मार्फत् म सबै माननीय सदस्य-हरूमा यो कुरा अनुरोध गर्न चाहन्छु कि हामी सबैको सततः प्रयत्नले नै निश्चित लक्ष्य हासिल गर्न हामी सबैलाई शक्ति तथा सहयोग प्रदान गर्न सक्छ । राष्ट्रको आर्थिक तथा सामाजिक विकासको निम्ति म सबैको आफ्नो आफ्नो स्थानबाट निरन्तर सहयोगको निम्ति अनुरोध गर्दछु र यस पुनीत कार्यमा श्री ५ को सरकार सदैव आफ्नो कर्तव्य पूरा गर्न कटिबद्ध छ ।

# आर्थिक वर्ष २०२२।२३ को व्यय र खर्च व्यहोरिने श्रोतहरूको संक्षिप्त विवरण

| | | व्यय | | रू. हजारमा |
|---|---|---|---|---|
| कूल अनुमानित खर्च | . . . . . | ... | ... | ४५,८८,४५ |
| साधारणतर्फ | ... | १४,७३,४६ | | |
| विकासतर्फ | ... | ३१,१४,९९ | | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खर्च व्यहोरिने स्रोतहरू

| | | |
|---|---|---|
| राजस्वबाट .. .. .. .. .. .. | | २३,६६,३२ |
| आयका वर्तमान स्रोतबाट | २०,६६,३२ | |
| कर प्रस्तावहरूबाट .. .. | २,७३,०० | |
| विदेशी सहायताबाट .. .. .. .. .. .. | | १६,६१,८५ |
| भारत .. .. .. | ८,६०,०२ | |
| अमेरिका .. .. .. | ७,२७,०२ | |
| रूस .. .. .. | १,६०,०० | |
| चीन .. .. .. | १,४६,६७ | |
| ग्रेटब्रिटेन .. .. .. | ३१,०० | |
| फोर्ड फाउण्डेशन .. .. | २,४२ | |
| स्वीटजरल्याण्ड .. .. | १,७२ | |
| न्यून .. .... | | २,५७,२८ |

न्यून व्यहोरिने स्रोतहरू

| | |
|---|---|
| विदेशी ऋणबाट | १५,०० |
| आन्तरिक ऋणबाट | १,००,०० |
| आर्थिक वर्ष २०२१।२२ मा खर्च नभई मौज्दात सर्न आउनेबाट | १,४२,२८ |

२०२२।२३ को राजस्व

अनुमान

तेरिज

रू. हजारमा

| सि. नं | शीर्षक | २०२०।२१ को यथार्थ | २०२१।२२ को संशोधित अनुमान | २०२२।२३ को अनुमान |
|---|---|---|---|---|
| १. | भन्सार | ५,८८,२७ | ८,००,७५ | ८,३३,०० |
| २. | अन्त: शुल्क | १,०६,६७ | १,५८,६३ | २,०३,०० |
| ३. | मालपोत | ४,००,०० | ४,५५,०० | ४,६०,०० |
| ४. | वन | १,६४,४१ | १,५६,१० | १,८३,१० |
| ५. | कर | ५४,८४ | ७१,५१ | ६७,२३ |
| ६. | रजिष्ट्रेशन | ३१,६२ | २७,१० | २८,४० |
| ७. | सिंचाई र पानी | ३,६६ | ५,०० | ६,०० |
| ८. | बिजुली | ६३ | | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ९. सञ्चार | २५,२४ | ३५,५० | ५०,०० |
| १०. यातायात | ५७,८४ | ५३,७५ | ५५,५० |
| ११. ब्याज तथा लाभांश | ११,६७ | ५२,५० | १,०७,५६ |
| १२. निजामती प्रशासन | ३१,०४ | ४६,७५ | ४८,५० |
| १३. विविध | १,०३,०६ | २२,७५ | २४,०० |
| | १५,७६,२८ | १८,८५,३४ | २०,९६,३२ |

आर्थिक वर्ष २०२२।२३ को
अनुमानित खर्च

रु. हजारमा

| | साधारण तर्फ | विकास तर्फ | जम्मा |
|---|---|---|---|
| १. संबैधानिक अङ्गहरू | ८३,५८ | | ८३,५८ |
| २. साधारण प्रशासन | २,३५,०२ | | २,३५,०२ |
| ३. आयकर प्रशासन | ८६,७० | | ८६,७० |
| ४. आर्थिक प्रशासन र योजना | १५,२७ | ५५,६५ | ७०,९२ |
| ५. न्याय प्रशासन | ३१,९५ | | ३१,९५ |
| ६. बैदेशिक सेवा | ८१,१६ | | ८१,१६ |
| ७. सामाजिक सेवा | १,७६,७६ | ६,३३,९२ | ८,१०,७१ |
| ८. आर्थिक सेवा | २,५०,०६ | २२,४३,४८ | २४,९३,५४ |
| ९. रक्षा | २,९२,४० | | २,९२,४० |
| १०. विविध | २,१७,५० | १,८१,९४ | ३,९९,४४ |
| | १४,७३,४६ | ३१,१४,९९ | ४५,८८,४५ |

२०२२।२३ को राजस्व
अनुमान

रु. हजारमा

| सि. नं | शीर्षक | उप-शीर्षक | २०२०।२१ को यथार्थ | २०२१।२२ को संशोधित अनुमान | २०२२।२३ को अनुमान |
|---|---|---|---|---|---|
| १. | भन्सार | (क) निकासीबाट | ८८,८० | ९९,५० | १,५०,०० |
| | | (ख) पैठारीबाट | १,८१,३८ | २,०८,५० | २,८०,०० |
| | | (ग) भारतबाट अन्तःशुल्क फिर्ता | २,९७,८१ | ४,५४,८३ | ४,००,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | (घ) विविध | २०,२८ | ३७,९२ | ३,०० |
| २. | अन्तःशुल्क | (क) ठेक्का रकम | ५६,८५ | ५५,०० | ५८,०० |
| | | (ख) औद्योगिक उत्पादन | २७,४६ | ७०,१८ | १,१०,०० |
| | | (ग) कृषि उत्पादन | १८,८३ | ३१,७० | ३३,०० |
| | | (घ) विविध | ५० | १,७५ | २,०० |
| ३. | मालपोत | रैकर | ४,००,०० | ४,५५,०० | ४,६०,०० |
| ४. | वन | (क) लकडी बिक्री | १,५१,८२ | १,५०,०० | १,७५,०० |
| | | (ख) जडीबुटी | २,०४ | | |
| | | (ग) शिकार तथा रोयल्टी | ३६ | १० | १० |
| | | (घ) बनकस | २,२४ | | |
| | | (ङ) बिबिध | ७,६५ | ६,०० | ८,०० |
| ५. | कर | (क) आय कर | २७,९२ | ४८,०० | ७०,०० |
| | | (ख) मनोरञ्जन | १३,२७ | १४,०० | १६,०० |
| | | (ग) रेडियो | १,६७ | २,०० | २,२५ |
| | | (घ) शहरी क्षेत्रको घर जग्गा | ७,२० | ५,२५ | ६,५० |
| | | (ङ) विदेशी लगानी | १ | ६० | ६५ |
| | | (च) होटेल कर | २,९३ | | |
| | | (छ) हवाई उडान कर | १,७० | १,६० | १,७५ |
| | | (ज) आबकर टिकट | १४ | ६ | ८ |
| ६. | रजिष्ट्रेशन | (क) घर जग्गा | २६,७२ | २५,०० | २५,५० |
| | | (ख) कम्पनी ऐन अन्तर्गत | ८८ | १,०० | १,५० |
| | | (ग) फारम रजिष्ट्रेशन | ३३ | ५० | ७५ |
| | | (घ) ऐजेन्सी रजिष्ट्रेशन | ११ | १० | १५ |
| | | (ङ) बन्दूक पिस्तोल | ५८ | ५० | ५० |
| ७. | सिंचाई पानी | (क) पानी पोत | २,११ | ३,०० | ३,५० |
| | | (ख) धारा महसूल | १,५५ | २,०० | २,५० |
| ८. | बिजुली | बिजुली | ६३ | | |
| ९. | सञ्चार | (क) हुलाक | २१,४७ | ३०,०० | ४०,०० |
| | | (ख) आकाशवाणी | १,०१ | २,५० | ५,५० |
| | | (ग) टेलिफोन | २,७६ | ३,०० | ४,५० |
| १०. | यातायात | (क) रेल्वे | ११,४४ | ४,५० | |
| | | (ख) रोप्वे | ४,०० | २,०० | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | (ग) हवाई | ३,७८ | ४,२५ | ५,५० |
| | (घ) रोडशेष | ३८,६२ | ४३,०० | ५०,०० |
| ११. ब्याज तथा लाभांश | (क) कम्पनी तथा कर्पोरेशनलाई दिएको ब्याज | ८,१६ | ५० | ६,२० |
| | (ख) सरकारीजागिरदारलाई दिएको ऋणको ब्याज | ७५ | २,०० | ४,०० |
| | (ग) शेयरमा लगानी | २,७६ | ५०,०० | ८१,०० |
| | (घ) कम्पनी कर्पोरेशनलाई गएको ऋण फिर्ता | | | १३,३९ |
| १२. निजामती प्रशासन | (क) न्याय | १०,३३ | १५,०० | १८,०० |
| | (ख) शिक्षा | १,५४ | ६,०० | ७,०० |
| | (ग) स्वास्थ्य | २,३३ | १,७५ | २,५० |
| | (घ) शुप तथा मत्स्य पालन | १६ | ५० | ५० |
| | (ङ) प्रचार तथा प्रसार | ५५ | १,५० | २,५० |
| | (च) पब्लीक वर्कस | २२ | १०,०० | ३,०० |
| | (छ) विविध | १५,६१ | १२,०० | १५,०० |
| १३. विविध | (क) पासपोर्ट र भिसा | ५,३३ | ६,०० | ७,०० |
| | (ख) अभियान रोयल्टी | ४१ | २५ | ५० |
| | (ग) भारत सरकारबाट आउने | १६,०० | १६,०० | १६,०० |
| | (ङ) अरू फुटकर | ८१,३५ | ५० | ५० |
| | | १५,७६,२८ | १८,८५,३४ | २०,६६,[illegible]२ |

२०२२।२३ को व्यय अनुमान

साधारण तर्फ

2022 साल

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२०।२१ को यथार्थ | २०२१।२२ को संशोधित अनुमान | २०२२।२३ को अनुमान |
|---|---|---|---|---|---|
| १ संवैधानिक अंगहरू | १ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | ५४,४५ | ५४,६१ | ५४,६१ |

९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. राष्ट्रऋण उठाउने अधिकारः (१) आर्थिक वर्ष २०३६।३७ को निमित्त श्री ५ को सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वयन गर्न श्री ५ को सरकारले अठार करोड त्रिसट्ठी लाख अठचालीस हजार रूपैयाँमा नबढ्ने गरी जम्मा त्यतिसम्म रकमको राष्ट्र-ऋण उठाउन सक्नेछ ।

(२) उप-दफा (१) अन्तर्गत उठाइएको राष्ट्रऋणको साँवा र ब्याज भुक्तानी गर्ने अवधि र सो ऋणको ब्याजको दर राष्ट्रऋण ऐन, २०१७ बमोजिम हुनेछ।

लालमोहर सदर मितिः– २०३६।६।११।५

आज्ञाले–
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

323

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

| | | | | | |
|---|---|---|---|---|---|
| | २८ | स्वास्थ्य | २५,२७ | ३८,५० | ४६,११ |
| | २९ | प्रचार तथा प्रसार | १६,७१ | १७,५६ | १८,८३ |
| | ३० | पञ्चायत | १६,०७ | १७,५० | १७,६३ |
| ८ आर्थिक सेवाहरू | ३१ | कृषि | ७,१५ | ९,३५ | ६,५७ |
| | ३२ | वन | ३१,१२ | ३६,५० | ४०,३८ |
| | ३३ | उद्योग वाणिज्य | ३,१४ | ६,१६ | ५,९२ |
| | ३४ | सञ्चार | ४०,१९ | ४८,५० | ६६,९१ |
| | ३५ | यातायात | ४८,२२ | ३७,०५ | २७,२२ |
| | ३६ | बिजुली | ८,३७ | १,८८ | २,०८ |
| | ३७ | निर्माण | ६२,७४ | ५७,४० | ६६,४९ |
| | ३८ | लगानी ऋण तथा ब्याज | ९,९८ | ४०,०० | ३४,४९ |
| ९ रक्षा | ३९ | रक्षा | २,६९,७५ | २,८१,५० | २,९२,४० |
| १० विविध | ४० | विशिष्ट व्यक्ति तथा प्रतिनिधि-मण्डलको भ्रमण खर्च | ६,०० | ९,०० | १२,०० |
| | ४१ | पेन्सन भत्ता तथा उपदान | ४३,४४ | ३२,२१ | ३४,२५ |
| | ४२ | अतिथि सत्कार | ७२ | ७५ | १,२५ |
| | ४३ | आकस्मिक सहायता चन्दा र पुरस्कार | ७० | १,६५ | १,५० |
| | ४४ | पुनः मतदान | १,७६ | ९० | ३,०० |
| | ४५ | मुआवजा | २,६९ | ४,२५ | २,०० |
| | ४६ | अन्य आकस्मिक खर्च | ३,०० | १,३० | ३,०० |
| | ४७ | भैपरी आउने | २८,९६ | ३८,०० | १,६०,५० |
| | | | ११,४३,१६ | १२,७०,६० | १४,७३,४६ |

## २०२२।२३ को व्यय अनुमान

### विकास तर्फ

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२०।२१ को यथार्थ | २०२१।२२ को संशोधित अनुमान | २०२२।२३ को अनुमान |
|---|---|---|---|---|---|
| ४ आर्थिक | १ | तथ्याङ्क | ५,२७ | ६,०० | १२,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| प्रशासन र योजना | २ | सर्भे | २२,६१ | ३२,६४ | ४१,१७ |
| | ३ | बजेट तथा एकाउण्टेण्ट तालीम योजना | १,६८ | २,५४ | २,४८ |
| ७ सामाजिक सेवाहरू | ४ | शिक्षा | १,७६,७८ | २,०७,०५ | २,६७,२० |
| | ५ | स्वास्थ्य | १,१५,७३ | १,४३,८८ | १,९३,९४ |
| | ६ | प्रचार तथा प्रसार | ९,५५ | २१,९७ | ४९,५० |
| | ७ | पञ्चायत | ६८,५१ | १,४०,०० | १,२३,२८ |
| ८ आर्थिक सेवाहरू | ८ | कृषि | १,०८,२३ | १,०८,३१ | १,८३,८४ |
| | ९ | वन | ४८,५९ | ७६,१७ | ७७,२२ |
| | १० | उद्योग वाणिज्य | २,८५,३८ | २,२०,५७ | २,१२,८१ |
| | ११ | सञ्चार | १४,७५ | ५४,०४ | ३२,८१ |
| | १२ | यातायात | ९५,७८ | १,१०,०० | १,१९,१३ |
| | १३ | बिजुली | १,९९,३१ | ५,८८,७५ | ५,४४,९५ |
| | १४ | निर्माण | २,१६,७४ | ५,३३,२९ | ९,६७,५० |
| | १५ | लगानी ऋण तथा व्याज | ७,४० | | १,०२,८४ |
| | १६ | इन्जिनियरिङ्ग | ६१ | २,०६ | २,३८ |
| १० विविध | १७ | पुनः मतदान | २,२३ | २,२८ | ५,०० |
| | १८ | भैपरी आउने | ६२,६३ | ६६,१० | ८६,०० |
| | १९ | योजना | १,०२ | ३,३२ | ७,४९ |
| | २० | प्रशासन सुधार | १,८९ | ३,२० | ६,०४ |
| | २१ | भूमि सुधार | २,६६ | ३३,५२ | ७४,४१ |
| | २२ | मेट्रिक नाप तौल आयोजना | | | ३,०० |
| | | | १४,४७,३५ | २३,५५,६९ | ३१,१४,९९ |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## आर्थिक वर्ष २०२२।२३ को विकासतर्फ खर्च व्यहोर्ने स्रोतको विवरण

| अनुदान संख्या | शीर्षकको नाम र नम्बर | २०२२।२३ को अनुमान | श्री ५ को सरकार | भारत | अमेरिका | रूस | चीन | अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | तथ्याङ्क नं. ४ (क) | १२,०० | ३,०० | | ६,०० | | | | |
| २ | सर्भे नं. ४ (ख) | ४१,१७ | ४१,१७ | | | | | | |
| ३ | बजेट तथा एकाउण्टेण्ट तालीम योजना नं. ४ (घ) | २,४८ | ९८ | | १,५० | | | | |
| ४ | शिक्षा नं. ७ (क) | २,६७,२० | ५३,५४ | १३,६६ | २,००,०० | | | | |
| ५ | स्वास्थ्य नं. ७ (ख) | १,६३,६४ | १,१४,८६ | १,५० | ७६,५५ | | | १,०० | (स्वीस) |
| ६ | प्रचार तथा प्रसार नं. ७ (ग) | ४६,५० | १८,५० | | | | | ३१,०० | (ब्रिटिश) |
| ७ | पञ्चायत नं. ७ (घ) | १,२३,२८ | ६८,२८ | | २५,०० | | | | |
| ८ | कृषि नं. ८ (क) | १,८३,८४ | ८०,४५ | २०,७९ | ८२,६० | | | | |
| ९ | वन नं. ८ (ख) | ७७,२२ | २५,३३ | ६,८६ | ४१,३१ | | | ७२ | (स्वीस) |
| १० | उद्योग वाणिज्य नं. ८ (ग) | २,१२,८१ | ६०,६६ | ३,०६ | ५६,३६ | १०,०० | ४६,६७ | | |
| ११ | सञ्चार नं. ८ (घ) | ३२,८१ | २६,०५ | ६,७६ | | | | | |
| १२ | यातायात नं. ८ (ङ) | १,१६,१३ | १५,४० | २७,३३ | ७६,४० | | | | |

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
९५२

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | बिजुली नं. ८ (च) | ५,४४,९५ | ४७,११ | ४,००,०० | ९७,८४ । | | | | श्री ५ को सरकारले व्यहोर्ने रकम मध्ये ब्रिटिश ऋण १५ लाख समावेश छ । |
| १४ | निर्माण नं. ८ (छ) | ६,६७,५० | २,६७,६७ | ४,०५,४१ | ४४,४२ | १,५०,०० | १,००,०० | | |
| १५ | लगानी ऋण तथा व्याज नं.८(ग) | १,०२,८४ | ९२,८४ | | १०,०० | | | | |
| १६ | इञ्जिनियरिङ्ग स्कूल नं. ८ (झ) | २,३८ | ७६ | १,६२ | | | | | |
| १७ | पुनः मतदान नं. १० (ङ) | ५,०० | ५,०० | | | | | | |
| १८ | भैंपरि आउने नं. १० (ज) | ८६,०० | ८६,०० | | | | | | |
| १९ | योजना नं. १० (झ) | ७,४६ | ५,०७ | | | | | २,४२ | (फो.फा.) |
| २० | प्रशासन सुधार नं. १० (ञ) | ६,०४ | ३,०० | | ३,०४ | | | | |
| २१ | भूमि सुधार नं. १० (ट) | ७४,४१ | ७४,४१ | | | | | | |
| २२ | मेट्रिक नाप तौल आयोजना नं.१०(ठ) | ३,०० | ३,०० | | | | | | |
| | | ३१,१४,९९ | ११,५३,१४ | ८,९०,०२ | ७,२७,०२ | १,६०,०० | १,४९,६७ | ३५,१४ | |

# विदेशी मुद्राको आय–व्यय विवरण

| | | आय | रू. हजारमा |
|---|---|---|---|
| | शीर्षक | २०२१।२२ को संशोधित अनुमान | २०२२।२३ को अनुमान |
| १. | अदृश्य निर्यात | २,३७,०६ | २,६०,०० |
| २. | दृश्य निर्यात | ९५,२२ | १,१०,०० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ३. | नेपाल स्थित विदेशी दूतावास खर्च | २४,११ | २५,०० |
| ४. | विदेशी सहायता | ७२,४४ | ७०,०० |
| ५. | विविध | २६,५,६२ | १,१५,०० |
| | | ६,६४,४५ | ५ ६०,०० |

## व्यय

| | | | |
|---|---|---|---|
| १. | राजनैतिक कूटनैतिक | ६४,६१ | ७७,५७ |
| २. | विकास | २,१४,३७ | ५,२६,७१ |
| ३. | जगेडा | १,००,०० | १,००,०० |
| ४. | अदृश्य आयात | ८,५६ | १२,०० |
| ५. | ऋण मोचन कोष | ३,८७ | ५३,३६ |
| ६. | विविध | ६०,७६ | ५६,२३ |
| | | ४.५२,२३ | ८,२८,८७ |
| | न्यून: | | २,३८,८७ |
| | न्यून व्यहोरिने स्रोत | | |
| | मौजदातबाट | | २,३८,८७ |

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।